# अतीतको त्यो मधुर कहानी

(गजल)

शेखर 'अस्तित्व'

Bulbul
Publication

प्रकाशक : बुलबुल पब्लिकेशन प्रा. लि.
डिल्लीबजार हाइट, काठमाडौं
पो.ब.नं. २००४
फोन ०१-४४२५७६५, ९८२३०३७३५९
इमेल : bulbul88117@gmail.com
वेभसाइट : www.bulbulpublication.com

सर्वाधिकार © लेखकमा

कभर डिजाइन : किशोर ज्योति
लेआउट : रियल डिजाइन, पोखरा

संस्करण : प्रथम, २०७५, जेठ
ISBN : 978-9937-9255-2-5

मूल्य : रू. २००/-

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, प्रशारण तथा फोटोकपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कारबाही गरिनेछ ।

---

ATIT KO TYO MADHUR KAHANI by SHEKHAR ASTITWA

# शुभेच्छा

## – आवाज शर्मा

मैले पहिलोपटक शेखरको नाम जय गौडेलको मुखबाट सुनेको थिएँ, जुनबेला म भर्खर गजलको बाह्रखरी केलाउँदै थिएँ । जयले शेखरका मुखाखर भएका दुइटा गजल सुनाए, म अचम्मै लोभिएँ उनको कलमसित । मलाई पनि उनको जस्तै गजल लेख्ने हुटहुटी जाग्यो ।

कुनै पनि विधाप्रति आकर्षण बढाउन क्षमतावान् र प्रतिभाशाली अभियन्ताहरू चाहिन्छन् । आफैँले मात्र लेख्नु र अरूलाई लेख्ने प्रेरणा बन्न सक्नु एकदम फरक कुरा हुन् ।

नेपाली गजलको इमानदार इतिहास लेख्ने हो भने त्यसको कुनै एउटा पानामा गजलका अभियन्ताहरूमा शेखरको नाम पनि आउँछ र आउनुपर्छ भन्ने मलाई लाग्छ ।

गजलको सैद्धान्तिक र व्यावहारिक शोधग्रन्थ 'अरूज विज्ञान'को स्रोत र सन्दर्भ-सामग्री सङ्कलन गर्न मुम्बई पुग्दा मैले उनका व्यक्तिगत र पारिवारिक कुराहरू पनि जान्न पाएँ । उनी आफ्नै क्षेत्र र भाषाका साथीहरूसित कुरा गर्दा पनि नेपाली भाषा र गजलप्रति चिन्तनशील रहेको पाउँदा श्रद्धाले नतमस्तक भएको थिएँ म ।

उनै मेरा प्रिय साथी, प्रिय भाइ, प्रिय गुरू शेखरको गजलसङ्ग्रह प्रकाशनको कुराले असाध्यै खुसी छु म । (अलि ढिलो भयो भन्ने गुनासो यथावत छँदै छ !) म उनको यस कृतिको सफलताका लागि हृदयतलबाट नै शुभेच्छा व्यक्त गर्न चाहन्छु ।

# सङ्ग्रह एक : कहानी अनेक

- प्रा.डा. कृष्णहरि बराल

www.khbaral.com

पञ्चायतकाल र यसको अन्त्यपछि आएको बहुदलीय व्यवस्थाको समयमा पनि राजाले भनेका कतिपय कुराहरू लेखी सडक छेउछाउमा छ्यापछ्याप्ती होर्डिङ बोर्डहरू राखिएका हुन्थे । रेडियो नेपालले पनि बिहान कार्यक्रम प्रारम्भ हुँदा यस्ता कुराहरू प्रसारण गर्ने गर्थ्यो । राजाले व्यक्त गरेका यस्ता भनाइहरूमध्ये केही त मननयोग्य पनि हुन्थे भने केही चाहिँ अति सामान्य प्रकारका पनि हुने गर्थे । अवस्था यस्तो थियो– त्यसताका राजाले बोलेका कुराहरूलाई 'महावाणी' भनिन्थ्यो, चाहे त्यो सामान्य नै किन नहोस् ! अनि अरू जनता-जनार्दनले भनेका कुराचाहिँ गहन नै भए पनि महावाणी भनिन्नथ्यो ।

समयक्रममा जबजब राजा सक्रिय हुँदै गए र जनताको अधिकारमा अंकुश लाग्न थाल्यो, तब नेपाली जनता आन्दोलनमा होमिए । त्यस बेला राजाको विरोधमा उत्रिने जोकोही पनि सजायको भागी हुन्थे र कतिले त ज्यानै पनि गुमाउनु पर्थ्यो । यस्तो जटिल र कठिन अवस्थामा पनि आँट गरेर राजा र राज्यसत्ताको विरोध गर्ने साहित्यकारहरू हामीमाझ थिए र तीमध्ये एक जनाको नाम हो– शेखर अस्तित्व । यस सन्दर्भमा कुरा गर्दा उनको यस्तै विषयसँग सम्बन्धित एउटा गजलको स्मरण मलाई भइरहन्छ र त्यसको मतला भाग हो :

*खाने अनि देखाउने छुट्टाछुट्टै दाह्रा किन ?*
*तैँले बोल्दा महावाणी, मैले बोल्दा नारा किन ?*

प्रस्तुत सेर (र, पूरै गजल समेत)ले देशमा विद्यमान असमानतालाई त देखाएकै छ । र, त्यस्तो समयमा पनि यस्तो अभिव्यक्ति दिन सक्ने शेखरको साहसलाई पनि प्रस्तुत गरेको छ । स्पष्टै भनुँ भने मैले शेखरजीलाई प्रथमतः यसै गजलमार्फत चिनेको हुँ । शारीरिक रूपमा हुने चिनजानभन्दा कृतिका माध्यमबाट हुने चिनजान निकै प्यारो, महत्वपूर्ण र अटल हुने रहेछ ।

कुरो के हो भने शेखर अस्तित्वको 'अतितको त्यो मधुर कहानी' गजलसङ्ग्रह अहिले तपाईंहरूको हातमा छ र यस सङ्ग्रहमा मैले माथि उल्लेख गरेको लगायतका १०१ वटा गजलहरू संकलन गरिएका छन् । उनले यी गजलहरूमा नेपाली समाजमा देखिएका विकृतिहरूबारे धावा त बोलेकै छन्, यसबाहेक प्रेमका कोमल अभिव्यक्तिहरू, समानताको खोजी, मानवता, देशभक्ति आदि विषयलाई पनि कथ्य बनाएका छन् । जस्तोसुकै विषयलाई कथ्य बनाए पनि यथार्थलाई भावनाले रङ्गाएर प्रस्तुत गर्ने कला उनमा छ । यसैले उनका गजलहरू पढ्दा वा सुन्दा पाठक वा श्रोता मन्मय अवस्थामा पुग्छन् । उनका कतिपय गजलमा भएका भावलाई आफ्नै ठानेर आनन्दित पनि हुन्छन् । प्रेमका सन्दर्भमा शेखरले लेखेका छन् :

*अतितको त्यो मधुर कहानी तिमीले बिर्स्यौ, मलाई था'छ*
*सँगै सहेको त्यो घामपानी तिमीले बिर्स्यौ, मलाई था'छ*

*त्यो लाजले शिर झुकाई बस्ने, त्यो मनको इच्छा लुकाई बस्ने*
*त्यो पाउले भुइँ कोट्याउने बानी तिमीले बिर्स्यौ, मलाई था'छ।*

*देखावटी भो अचेल माया, असल त कसले गरेको छ र ?*
*सबैले भन्छन्– म ज्यान दिन्छु, को कसका लागि मरेको छ र ?*

–

*प्रेम पनि परीक्षा हो भन्ने कुरा सुनेपछि*
*आफूलाई हार लेखेँ, तिमीलाई जित लेखेँ ।*

शेखरका गजलमा देशभक्तिको भावलाई पनि समेटिएको पाइन्छ र यस्ता गजलमा हिमाली पहाडी र मधेसी जनताहरू मिलेर बस्नुपर्छ भन्ने भावको प्रस्तुति पनि छ भने देशको प्रगति र सुधारका लागि युवाहरूले विशेष भूमिका पहल गर्न सक्छन् भन्ने विषयको प्रयोग पनि छ । 'सबभन्दा पहिले गर्नुपर्छ नेपालका कुरा' भन्नेजस्तो अभिव्यक्तिले पनि शेखरलाई राष्ट्रवादी गजलकार बनाइदिएको छ ।

समानताको खोजी तथा वर्गीय समाजको चित्रण पनि शेखरको गजलमा पाइने अर्को विशेषता हो । समाजमा समानता हुनैपर्छ भन्ने कुरालाई ठोकुवाका साथ उनले प्रस्तुत गरेका छन् भने केही नभए पनि गोली थाप्ने छाती भएकाले हामीले हार्नु पर्दैन भन्ने किटान पनि गरेका छन् । मृत्यु स्वीकार्न नसक्ने हो भने जमिन त के, आफ्नै भागको आकाश पनि अर्काले खोस्न सक्छ भन्ने उनको अभिव्यक्ति निकै घतलाग्दो छ :

*अब जे त होला, होला कि यता कि उता*
*तिमीसँग गोली छ त हामीसँग छाती छ नि*

–

*खोसिँदै छ तिम्रो त्यो भागको आकाश पनि*
*छैन तिमीलाई अझैसम्म यो आभास पनि*

चेतनाको आभाससम्म नहुनु, आफू लुटिँदा पनि निरीह बनेर हेरिरहनु अनि आफूसँग भएको शक्तिबारे पनि केही अत्तोपत्तो नहुनु हाम्रो विशेषता बनेको छ । र, यी सब कुरा बुझ्न शेखर हामीलाई प्रेरित गरिरहेका छन् ।

शेखरले गजललाई नै विषय बनाएर पनि केही गजल रचना गरेको पाइन्छ । उनले पहिले काफिया बटुलेर गजल लेख्नेहरूप्रति भव्य प्रहार गरेका छन् भने गजलका प्रत्येक सेर यस्तो नभए एउटा सेर मात्र भए पनि शक्तिशाली हुनुपर्छ भन्ने उनको भनाइ छ । अनि नेपाली लयमै लेखेर गजललाई विशेष बनाउने विचार पनि उनले प्रकट गरेका छन् । नभन्दै यिनका गजलमा आक्षरिक र त्यसमा पनि लोकमा प्रचलित छन्द तथा यसको सुगन्धको प्रयोग पाइन्छ ।

*बरू एउटै शेर किन नहोस् हासिले हुनुपर्छ*
*गजल लेख्नुभन्दा अघि काफिया थुपार्नुहुन्न*

—

*स्वदेशी लयमा हृदयले लेख्ने रहरको .खाँचो छ*
*गजलका लागि को भन्छ उर्दू बहरको खाँचो छ !*

काफिया तथा रदिफको उचित प्रयोगका कारण शेखरका अधिकांश गजल मनमोहक बनेका छन् भने कतिपय गजलमा विम्ब तथा प्रतीकको सुन्दर प्रयोग पाइन्छ ।

समग्रमा भन्दा, शेखर अस्तित्वको प्रस्तुत गजलसङ्ग्रह अनेक दृष्टिले महत्वपूर्ण छ र यस सङ्ग्रहका गजलहरू पढिदिनुहुन म पाठकवर्गसँग आग्रह गर्दै पुस्तकको सफलताको कामना गर्दछु ।

# शुभकामना

– कृसु क्षेत्री
न्यूयोर्क, अमेरिका

नेपाली साहित्यमा शेखर अस्तित्व नयाँ नाम हैन । समकालीन गजल लेखन परम्परामा पचासको दशकमा शेखर अस्तित्व एउटा सम्भावित सर्जकको रूपमा उपस्थित हुनुभएको थियो । गजलको गेय परम्परामा एउटा सुपरिचित हस्ताक्षरको रूपमा स्थापित हुनुभएका शेखर नेपाली तथा हिन्दी दुवै भाषामा गजल, गीत, मुक्तक तथा कविता लेख्न सिद्धहस्त अनि गजल गाउन पनि उत्तिकै पोख्त हुनुहुन्छ ।

गजलकार शेखरजीसँग मेरो परिचय भएको लामो समय भइसकेको छ । व्यक्तिगत रूपमा सरल, सरस, मिलनसार र हँसमुख स्वभावका शेखरजी वि.सं. २०६० सालताका चन्द्रनिगाहपुरमा आयोजना भएको साहित्यिक गोष्ठीमा भेट हुँदा नै हामीबीच नजिकको मित्रता कायम भइसकेको थियो । त्यसपछि म पनि लगातार विदेश हुँदै प्रत्यक्ष भेटघाट नभए पनि सामाजिक सञ्जालमार्फत हामी टाढिएनौँ । उहाँका 'के रैछ कुन्नि' नामक अत्यन्त चर्चित गजल–कृतिलगायत दर्जनौं गजलहरू युट्युब तथा अन्य सामाजिक सञ्जालमा लोकप्रिय छन् । उहाँको दोस्रो कृति 'अतीतको त्यो मधुर कहानी' नामक सङ्ग्रहमा शुभकामना लेख्ने सन्दर्भमा पाण्डुलिपिलाई दोहोऱ्याई–तेहऱ्याई पढ्दै छु र त्यसमै रोमाञ्चित भएको छु ।

लेखकमा वरिपरिका सामाजिक, आर्थिक, राजनैतिक परिवेशले जब प्रभाव पार्न थालेको हुन्छ, तब साहित्यिक रस सिर्जना भएको देखिन्छ । आफ्नै वरिपरिको परिवेश, विम्ब,

इतिहास, सामूहिक स्मृति र व्यक्तिहरूबाट पाएको प्रभावमा दुरूह र दुर्बोध्य बनाउनुभन्दा आफ्नो अनूभूतिलाई सरल र सरस शैलीमा जस्ताको तस्तै अभिव्यक्त गर्ने लेखक शेखरको शैली मलाई मन परेको विषय हो । यस कृतिका गजलमा भाव, राग, लय र संरचना पक्षदेखि आँसु, हाँसो, करूणा, रोदन, व्यङ्ग्यजस्ता गुणपक्षसँग परिचित  भएको पाइन्छ ।

गजलको परम्परागत विधि–विधानलाई अवलम्बन गरिएको एवं रदिफ र काफियाको अत्यधिक सन्तुलन र नयाँनयाँ अन्दाज ए बयाँको खोजी यस सङ्ग्रहमा देखिएको छ । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत गजलमा प्रेम प्रणयका गजलहरूका अतिरिक्त प्रकृतिको आत्मपरक चित्रण, वर्तमानप्रतिको तीव्र आक्रोश पनि देखिन्छ भने कतिपय गजलमा सपाट व्यङ्ग्यको प्रयोग पनि गरिएको छ । जीवन भोगाइका विहङ्गम क्षणहरूलाई सार्वजनीन अभिव्यक्ति दिएर गजलकार रचनामा आविर्भाव हुनुभएको छ ।

नेपालमा वा भारतमा रहँदा पनि नेपाल र नेपाली भाषाकै माया र मोहले ओतप्रोत लेखक आफ्नो रचनामा केही प्रत्यक्ष, केही परोक्ष रूपले स्वयं चित्रित हुनुभएको छ । लेखकले जीवनमा अनुभूत गरेका र आत्मसात गरेका विषयहरू निजानुभूतिगत संवेगको प्रवाहका रूपमा लेखिएका छन् । यस अर्थमा यो सङ्ग्रह सरस सम्प्रेषण शैलीमा भावुक, प्रणयबोधक, मौलिक, प्रकृतिचित्रण अनि राष्ट्रप्रेम मिश्रित रचनाहरूको सँगालो हो भन्न हिच्किचाउनु पर्दैन ।

अन्त्यमा, गजलकार शेखर अस्तित्वजीको निरन्तर लेखन यात्राको कामना गर्दै प्रस्तुत सङ्ग्रह 'अतीतको त्यो मधुर कहानी'को सफलताको कामना पनि गर्दछु । धन्यवाद ।

# शुभकामना

— करूण थापा

*अतीतको त्यो मधुर कहानी तिमीले बिर्स्यौ मलाई था'छ*
*सँगै सहेको त्यो घाम-पानी तिमीले बिर्स्यौ मलाई था'छ*

*मिलनको पहिलो त्यो रात बारे नपत्याए त्यो चन्द्रलाई सोध,*
*कुरै कुरामा भाथ्यो बिहानी तिमीले बिर्स्यौ मलाई था'छ ! !*

यसै गजलबाट मैले एक पूर्ण नेपाली गजलकारसँग प्रत्यक्ष भेट गर्ने मौका पाएको थिएँ नेपालको एक गजल उत्सवमा । हुन त सामाजिक सञ्जालमा पहिल्यै भेटेको भए पनि प्रत्यक्ष भएको यो भेट विशेष थियो । मुम्बईबाट गजलको उत्सवमा सामेल हुन आईपुग्नुभएका ती सर्जक हुनुहुन्थ्यो–गजलकार शेखर अस्तित्व ।

शेखर अस्तित्व, एक नाम जुन नाम नेपाली गजलको कुरा गर्दा छुटाइयो भने नेपाली गजल अधुरो रहन्छ । सामाजिक सञ्जाल मार्फत चिनेर धेरैपछि मात्र प्रत्यक्ष भेटेको भए पनि गजलको नाताले हामी धेरै नजीक रह्यौं । आफू नेपालीभाषी नभएता पनि नेपाली भाषामा लेखिएका गजल नेपालीभाषीकाभन्दा पनि माथिल्लो स्तरका छन् । नेपाली भाषा र हिन्दी भाषामा बराबर आफूलाई अभिव्यक्त गर्न सक्ने असाधारण क्षमता शेखरजीमा यति छ कि वहाँका गजल सुन्नेहरू वहाँको अभिव्यञ्जना, बिम्ब र भावात्मक चातुर्यको प्रशंसा नगरी रहन सक्दैनन् ।

शेखरका गजलहरू मात्र भाव, बिम्ब तथा अभिव्यञ्जनाका हिसाबले मात्र हैन, नेपाली गजलले संरचनाको बाटो बिराएको अवस्थामा संरचनागत तथा भावगत हिसाबले पूर्ण गजल प्रस्तुत

गर्ने थोरै गजलकार मध्ये शेखर पनि एक हुनुहुन्छ । बहरको राम्रो ज्ञान र गजलका बारेमा गहिरो अध्ययन तथा अनुभव संगाल्नुभएको शेखरका गजलले नेपाली गजलको ढुकुटीमा अति नै उच्चकोटीका बहरवद्ध गजलहरू थपेर महत्वपूर्ण योगदान दिनुभएकोछ भनेर भन्दा अन्यथा हुनेछैन । बहरमा भएर पनि भाव र बहावमा कुनै पनि कमी नदेखिनु र आफ्ना गजलमा शुद्धता, कोमलता, सौन्दर्य, संरचनागत र भावात्मक सन्तुलन राख्न सक्नु गजलकार शेखरको गुण हो । यो गुण गजलप्रतिको लगातारको लगाव र साधनाविना आउँदैन ।

बलिवुडका संगीतकार गीतकार तथा शायरहरूको सामिप्यता प्राप्त भएकोले स्तरीय गीत, गजल र कविताको माझमा आफूलाई अझै खार्दै लैजानुभएको वहाँका हालैका गजल र गीतहरूले प्रमाणित गरेकाछन् । उनका गजलहरू अधिकांश गायन मैत्री हुन्छन् र जिन्दगीका बिसंगति, प्रेम, दुःखसुखका अनुभूतिलाई सजिलैसँग अभिव्यक्त गरिएका हरेक गजल गाउनका लागि तयार जस्ता लाग्छन् । गजल र गीतका साथै संगीतको पनि ज्ञान भएकाले शेखरका गजलहरू अधिकांश नै संगीतमैत्री छन् । बलिवुडमा पनि वहाँका गीत तथा गजलहरू रेकर्ड तथा छायाङ्कन भएकाछन् । वहाँ नेपाली मात्र नभएर हिन्दी साहित्यकै पनि असल सर्जकका रूपमा आफूलाई स्थापित गरिसक्नुभएकोछ ।

विदेशमा बसेर नेपाली गजललाई हृदयदेखि नै माया गर्ने, नेपाल र नेपालीलाई माया गर्ने शेखर अस्तित्वका धेरै गजल पढ्न नपाएका हामी पाठकलाई गजल संग्रह भेट दिन लाग्नुभएकोमा शेखर अस्तित्वजीलाई मनैबाट बधाई तथा सफलताको शुभकामना प्रकट गर्दछु । भविष्यमा अन्य गजल–संग्रह पनि निरन्तर प्रकाशन गर्नुहुनेनैछ भन्ने शुभकामना दिंदै नेपाल, नेपाली र नेपाली गजललाई यस्तै माया दिईरहनु हुनेछ भन्ने आशा गर्दछु ।

वार्तमानिक युगको अस्तित्वबोध गरी समयको बेगवान् हुरीसँगै एकाकार भई उड्न सक्ने अजस्र गतिवान् एवं प्रखर चेतनाका शक्तिशाली गजलकार हुन्– शेखर अस्तित्व । त्यसैले 'अतीतको त्यो मधुर कहानी'ले नेपाली गजल-काव्य जगत्मा पृथक अस्तित्व राख्नेछ र नयाँ हलचल ल्याउनेछ भन्नेमा म ढुक्क छु ।

– केशवराज आमोदी

---

नेपाली वरिष्ठ गजलकारहरूको पहिलो पङ्क्तिमा नै सजाउनुपर्ने शेखर नेपाली मातृभाषी हुनुहुन्न तापनि उहाँको नेपाली गजल लेखनप्रतिको लगाव र उहाँका गजलहरूको स्तरीयता, सबलता, गाम्भीर्यता र महत्तालाई हेर्दा उहाँको योगदानलाई यी दुई-चार शब्दले गुणगान गर्दैमा उहाँप्रति न्याय भैहाल्छ भन्ने पटक्कै लागेको छैन मलाई । आफू गैरनेपाली भएर पनि नेपाली साहित्यप्रति उहाँले देखाउनुभएको यो माया, सद्भाव र त्याग चानचुने विषय र सतही सोचभित्रको कुरा पनि होइन ।

छन्द, बहर वा जुनसुकै लयमा गजल लेख्न सक्ने प्रेरणादायी गजलकार हुनुहुन्छ उहाँ । शेखरको यो गुनलाई नेपाली साहित्यले उच्च सम्मानका साथ सजाएर राख्नेछ ।

– पोष्टराज चापागाईं

कीर्तिपुर- ४, काठमाडौं

गजल विधामा निकै गम्भीरतापूर्वक कलम चलाएर आमरूपमै प्रिय र खासगरी युवावर्गको प्रेरणा बन्न पुगेका कुशल शायर हुन्- शेखर 'अस्तित्व' । उनको गजलसङ्ग्रह आउन लागेको खबर सम्पूर्ण गजलप्रेमीहरूका लागि सुखद हो । कृतिले पाठकवर्गको अपार प्यार पाउनेछ, विश्वस्त छु । अन्त्यमा यति भन्न यो मनले कुत्कुत्यायो :

*कला भन्यो कला त्यस्तै*
*गला त्यस्तै कमाल छ !*
*हुन पनि किन नहोस्*
*'अस्तित्व'को सवाल छ !*

– बूँद राना

---

समकालीन गजलकारहरूका बीचमा आफ्नो छुट्टै पहिचान बनाउन सफल गजलकार/गीतकार/कवि शेखर अस्तित्वको नूतन गजलसञ्चयन 'अतीतको त्यो मधुर कहानी' प्रकाशन हुनु मजस्तो पाठक/लेखकका लागि अत्यन्त हर्षको कुरा हो ।

लय एवं सङ्गीतचेतले युक्त सटिक भावपूर्ण गजललेखनमा निपूर्ण 'अस्तित्व' नेपाली भाषा र साहित्यलाई हदैसम्म माया गर्ने कुशल शब्दशिल्पी हुन् । नेपाली गजलमा उनको उपस्थिति नेपाली साहित्यका लागि एउटा सुखद प्राप्ति हो । श्री शेखरलाई हार्दिक बधाई एवं शुभकामना !

– रवि प्राञ्जल
काठमाडौं

नेपालका नवप्रवेशीदेखि सुस्थापित गजलकारसम्मको ओठमा आइरहने नाम हो– शेखर 'अस्तित्व' । भारतको महाराष्ट्रका बासिन्दा शेखरले नेपाल बसाइको छोटो अवधिमा नेपाली गजललाई जुन गुन लगाए, त्यो अद्वितीय छ । खाँटी नेपाली शब्द, शैली र अर्थलाई मातृभाषीले भन्दा राम्रो (सापेक्षतामा) शिल्प प्रयोग गरेर सुमधुर, सुकोमल तथा विचारोत्तेजक गजल लेख्ने गजलकार शेखर अस्तित्वले 'सेतो हिमाल मेरो' भन्ने बाल–गजलसङ्ग्रह दिएर उहिल्यै नेपाली बालसाहित्यमा समेत आफ्नो परिचय स्थापित गरिसकेका हुन् ।

र, अब उनी आफ्ना बहुचर्चित गजल 'अतीतको त्यो मधुर कहानी' शीर्षकमा नयाँ गजलसङ्ग्रह हामीलाई कोसेली दिँदै छन् । म उनका शब्द, शिल्प र प्रस्तुतिसित सुपरिचित छु । त्यसैले पनि बढी प्रसन्न छु । शेखरजीलाई यस नवीन कृतिका लागि यी शब्दका साथमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*अतीतको त्यो मधुर कहानी तिमीले जस्तै म सम्झँदै छु*
*'बटौली' बस्दाको घामपानी तिमीले जस्तै म सम्झँदै छु ।*
–
*त्यो कालरात्रीको त्रासदीमा बनेर ज्योति तिमी बलेको*
*छ दिलमा उस्तै अझै निसानी तिमीले जस्तै म सम्झँदै छु ।*

– रमेश समर्थन

सृजनागृह, मंगलापुर रुपन्देही

हिन्दी एंव नेपाली भाषामा समानान्तर रूपमा शास्त्रीय धारका गजल लेख्ने शेखर अस्तित्वले गजलसङ्ग्रह प्रकाशित गर्न लाग्नुभएको खबरले मन पुलकित भएको छ । उहाँका गजलहरूमा नेपाली गजलका पाठकहरू निश्चित रूपमा रमाउने छन् भन्ने कुरामा दुविधा छैन । म उहाँको कृतिकार जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु । साथै उहाँको लेखनीले रसिकजन भविष्यमा पनि आनन्दविभोर हुन पाउने क्रम नरोकियोस् भनी मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

– भक्तिप्रसाद पौडेल

---

गजलको वाटिकामा आफ्नो छुट्टै 'अस्तित्व' कायम गरेका एक होनहार युवाको नाम हो– शेखर अस्तित्व ! हृदयको कुनै भूगोल हुन्न ! उनी मेरो प्रिय अनुज मात्र होइन, एक 'गजल उस्ताद' बनेर आए ! उनको एउटा गजल मैले मस्को, बर्मा, अष्ट्रेलिया यत्रतत्र गाएँ ! उनी छुट्टै स्वाद हुन् ! नेपाल उनको माइती हो ! भाइ, तिम्रो यो दाजु, यो चेलो तिमीलाई आशीर्वाद दिन्छ, अर्को साहिर बन्नू, मलाई आफन्तमा गन्नू ! शुभकामना !!

– धनराज गिरी
चितवन

गजल-सङ्गीत साधक र गजल-लेखन साधकको सुरम्य सम्बन्ध यसरी नै बग्दै जाँदा अझै धेरै रचना समस्त सङ्गीत क्षेत्रले पाउनेछ ।

एकै अगम पथका हामी सन्यासीजस्ता पथिकको यो यात्रा त्यो चरमचुलीमा नै पुग्नेछ । यस्ता सन्तजस्ता मेरा अग्रज शेखर अस्तित्वजीको नवीन गजलसङ्ग्रहको सफलताका लागि कोटी-कोटी शुभकामना ! अस्तु ।

– सुवास अगम
कीर्तिपुर, काठमाडौँ

---

गजलको सुषुप्त अवस्थादेखि नै नेपाली माटो, प्रकृति, सामाजिक कुरीति, राजनैतिक चेतना र बालबालिकालाई प्रेरणादायी तथा सन्देशमूलक गजल लेखेर युवा पिँढीलाई प्रोत्साहित गर्न प्रत्यक्ष वा परोक्षरूपले प्रशिक्षण दिनुका साथै आफ्नो सुमधुर स्वरले गजल गायकीसमेतबाट गजल लेखनमा प्रोत्साहित गर्दै आफ्नो स्तर कायम गर्न सफल शेखर अस्तित्वको निरन्तर लगनशीलता र उज्ज्वल भविष्यका लागि कामना गर्दछु ।

– हुसैन खाँन

वर्षौअघि बुटवल, भैरहवा र चन्द्रनिगाहपुरमा भएका साहित्यिक गोष्ठीहरूमा जसका गजल सुनेर म दङ्ग र मुग्ध भएथेँ र हामी बीच मित्रता पनि भएथ्यो, ती थिए- शेखर अस्तित्व ! राम्रो र गुणस्तरीय गजल कमै पढ्न र सुन्न पाइने त्यो जमानामा पनि खूब मन पर्थे मलाई उहाँका गजलहरू ।

हिन्दी र नेपाली गजलकारबीच निकटता बढाउन शेखर अस्तित्वको यो गजल-कृति महत्वपूर्ण साबित हुन सक्छ ! यस्तो महत्वपूर्ण रचनात्मक कार्यका लागि शेखरजीलाई न केवल बधाई, धन्यवाद पनि दिन्छु ! र, उहाँको उत्तरोत्तर प्रगतिको कामना पनि गर्छु !

— ज्ञानुवाकर पौडेल

# यस कृतिभित्रका गजलमा प्राक्दृष्टि

– डा. घनश्याम न्यौपाने परिश्रमी
सहप्रध्यापक नेपाली विभागीय प्रमुख,
पुर्विय विभाग त्रि.वि., विश्वभाषा क्याम्पस, काठमाडौँ

यतिखेर मेरा सामु निकट भविष्यमा नै पाठकलोकमा आउन तयारी अवस्थामा रहेको एउटा गजल सङ्ग्रहको सुसाङ्खीकृत प्रतिलिपि छ । यो शेखर अस्तित्वको अतीतको त्यो मधुर कहानी नाम जुराइएको प्रकाशोन्मुख गजल सङ्ग्रहको पाण्डुलिपि हो । शेखरले मलाई मुम्बईदेखि आजको सहज संवार्ता साधन आकृति पुस्तिकाका माध्यमबाट यस कृतिबारे भूमिका लेखिदिन अनुरोध गरेका हुनाले यिनको यस्तो आत्मीय अनुरोधलाई अस्वीकार गर्न नसकेर केही लेख्ने जमर्को गर्दै छु । यस क्रममा म केही पूर्व प्रसङ्ग पनि जोड्न चाहन्छु ।

शेखर अस्तित्व भारतीय नागरिक हुन् । महाराष्ट्र राज्यको गोंदियामा सन् १६ अक्टुबर, १९७२ मा माता इन्दुमती गजभिए र पिता वामन राव गजभिएका पुत्रका रूपमा जन्मिएका शेखरको मातृभाषा र  राज्यभाषा पनि मराठी हो तापनि यिनलाई यो भाषा आउँदैन । मराठी संस्कृतबाट महाराष्ट्री प्राकृत भाषा हुँदै विकसित भएको आधुनिक आर्यभाषाअन्तर्गत पर्दछ । आफ्ना मातापिता नोकरीको सिलसिलामा मध्यप्रदेशमा रहेका र  त्यहाँ आफूले हिन्दी माध्यमबाट अध्ययन गरेको हुँदा मातृभाषा मराठी कमजोर रहेको यी बताउँछन् । भारतको प्रथम राष्ट्रभाषा हिन्दीमा भने यिनको दह्रो दख्खल छ । बोलचाल र लेखन दुवैमा शुद्ध, शिष्ट र स्तरीय हिन्दीको प्रयोक्ताका रूपमा मैले यिनलाई पाएको छु । आफ्नो जीवनयात्राको सिलसिलामा शेखर

केही वर्ष नेपालमा पनि बसे, खासगरी नवलपरासीको दुम्किबास र रूपन्देहीको बुटवलमा । यसै समयमा यिनले नेपाली भाषा सिकेका हुन् । बुटवल बसाइका क्रममा नै यिनीसँग मेरो भेट भएको थियो । म ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्जबाट सरूवा भई भैरहवा बहुमुखी क्याम्पसमा भरखरै पुगेको समय थियो त्यो, विक्रमाब्दीय २०५९ को कार्तिकको अन्ततिर । त्यतिखेर नै मैले साहित्यकार रूद्र ज्ञवालीबाट भारतीय भएर पनि शेखरले नेपालीमा राम्रा गजल लेख्छन् र वाचन कला पनि प्रभावकारी छ भन्ने जानकारी पाएको थिएँ । पछि अल्पायुमै कालकवलित हुन पुगेका मेरा प्रिय शिष्य आशालाग्दा गजलकार रमेश हरि लट्ठकले मलाई यिनीसँग एउटा साहित्यिक कार्यक्रममा पहिलोपटक परिचय गराएका थिए । यसपछि भने हामी दुवै बिच निकै आत्मीयता बढ्यो । सिकारू अवस्थामा नै नेपालीमा राम्रोसँग लेख्नसक्ने सामर्थ्य थियो यिनमा । यिनलाई मैले रौतहट, मकवानपुर र चितवनका केही कार्यक्रमहरूमा आफूसँगै साथमा लिएर गएको पनि छु । जहाँजहाँ यिनी पुगे, त्यहाँत्यहाँ आफ्ना नेपालीपनले भिजेका गजल र तिनको वाचनकलाले यिनले प्रभाव पार्न थाले । मूलतः त्यो समय नेपालमा माओवादी जनयुद्ध र संयुक्त जनआन्दोलन चरम उत्कर्षमा पुगेको अवस्था थियो । तत्कालीन शासनपद्धति र राजतन्त्रविरूद्ध स्रष्टाहरू आफ्ना रचनाहरूका माध्यमबाट आन्दोलित भइरहेका थिए । त्यस क्रममा आफ्ना विद्रोही भावका गजलका सेरहरू सुनाएर शेखरले निकै प्रशंसा पाइरहेका थिए । यसै बिच म एउटा गजल कार्यक्रममा धनगढीमा आमन्त्रित भएकोले जाने तयारीमा थिएँ । शेखरले आफू पनि जान इच्छुक भएको कुरा मसँग व्यक्त गरे । मैले पनि हुन्छ भनेँ र दुवैजना सँगसँगै जाने निश्चित भयो । तर हिंड्ने तयारी भइसकेपछि यी एक्कासि सम्पर्कविहीन भए । मलाई दुःख पनि लाग्यो । धनगढीबाट फर्केपछि पनि यिनीसँग

सम्पर्क भएन । यसरी यी एकाएक हराउँदा विविध खालका शंका उपशंका पनि हुन थाले । केही आत्मीय साथीहरूसँग यिनले आफू मसँग धनगढी जाने कुरा गरेका रहेछन् । यही कुरालाई आधार बनाएर कसैकसैले मसँग नकारात्मक ढंगले जिज्ञासा पनि राखे । यसरी सम्पर्कविहीन भएका शेखरसँग केहीवर्षपछि मात्र आकृति पुस्तिका(फेसबुक)का माध्यमबाट भेट भयो । यसरी हामी पुनः निकट भएका छौँ । अहिले आफ्नै मुलुक भारतको मुम्बईमा नै रहेका भए पनि यिनले निरन्तर नेपाली भाषामा गजल लेखिरहेका छन् । नेपाली साहित्यका नयाँ पुस्तालाई गजल र यसका बहरका बारेमा सिकाइरहेका पनि छन् । यसै क्रममा नेपालीमा नै एउटा सिङ्गो गजल सङ्ग्रह दिँदै छन् शेखरले । हार्दिक स्वागत छ यिनलाई ।

गजल अरबी भाषाको शब्द हो । यस शब्दले कोशीय अर्थका रूपमा नारीसँगको संवार्तालाई बुझाउँछ । काव्यिक प्रविधाका रूपमा यसको जन्म प्रथमतः इसाको सातौँ शताब्दीमा अरबी साहित्यिक धरातलमा नै भएको हो । यसपछि क्रमशः फार्सी, हिन्दी र उर्दू हुँदै र विशेषतः इस्लामिक जगत्का भाषासाहित्यमा आफ्नो खास पहिचान बनाउँदै यसले शब्दकोश र साहित्यकोश दुवैमा विश्वव्यापी विस्तार पाएको देखिन्छ । अतः संसारका हरेक भाषामा गजललाई अर्को कुनै नामले सम्बोधन गरिएको छैन, गजल नै भनिन्छ । पूर्वीय काव्यसंसारमा संस्कृत साहित्यको उन्नतावस्थासँगै अरबी भाषामा पनि वाङ्मयिक विकास भइरहेको अवस्थामा प्रणयभावाभिव्यञ्जन गर्ने तसबिबबाट प्रशंसाकाव्यका रूपमा कसिदामा रूपान्तरण हुँदै पुनः प्रणयभाव व्यक्त गर्ने उद्देश्यसहित तसबिबकै धरातलमा फर्केपछि प्रणयभावाभिव्यञ्जनको नै पृथक् प्रविधाका रूपमा गजलको उद्भव भएको हो । उद्भवसँगै यसमा विशेषतः सुसंस्कृत र शिष्ट भाषाको प्रयुक्तिले महत्व पाएको देखिन्छ ।

नेपाली साहित्यको वर्तमान गजलबाट निकै सम्पोषित छ । आज नेपाली साहित्यिक धरातलमा गजलको सिर्जनाले एकातिर व्यापकता पाइरहेको छ भने अर्कातिर यसको प्रकाशन र प्रसारण पनि उत्तिकै महत्वका साथ भइरहेको छ । वास्तवमा स्रष्टा र उपभोक्ता दुवै पक्षको यस विधाप्रति आकर्षण बढेको छ । त्यसैले त देशभित्र र बाहिर समेत गजलका नाममा विभिन्न सङ्घसंस्थाहरू खुलेका छन् र यस्ता सङ्घसंस्थाहरू यस काव्यिक विधाको विकास र विस्तारमा निकै सक्रिय रहेका छन् । विभिन्न पत्रपत्रिकाहरूले गजल विशेषाङ्क प्रकाशित गरेका उदाहरणहरू प्रशस्त भेटिन्छन् भने श्रव्यदृश्य प्रसारणका माध्यम रेडियो, टेलिभिजनहरूबाट समेत गजलका नियमित कार्यक्रमहरू सञ्चालन गरेर यसलाई अझ बढी लोकप्रिय बनाउने सन्दर्भमा महत्वपूर्ण योगदान पुगिरहेको छ । यस क्रममा गजलका व्यक्तिगत तथा समसामयिक महत्वका संयुक्त सङ्कलनहरूको प्रकाशनले पनि उत्तिकै तीव्रता पाइरहेको छ । सामूहिक वा संयुक्त गजलसङ्ग्रहहरूको प्रकाशन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वा जिल्लास्तरीय रूपमा भएका छन् । अहिले नेपाली गजल गायनका क्षेत्रमा पनि सुस्तसुस्त प्रवेश गर्दै छ ।

नेपाली गजल सिर्जनमा रमाउने सयौँ स्रष्टाहरूका बिचमा शेखर अस्तित्व आफ्नै पहिचानसहित पञ्जीकृत छन् । गजलकार शेखर यतिखेर मूलतः बहरबद्ध गजलका पक्षमा आफ्ना अग्रज र समकालीन स्रष्टाहरूसँग अनुगामी भई सहयात्रा गरिरहेका देखिन्छन् । यिनको नेपाली भाषाको नै सेतो हिमाल मेरो (२०६३) नामक बाल गजलको कृति प्रकाशित भइसकेको छ । त्यस कृतिमा पनि मेरा शब्दहरू समावेश छन् । यसर्थ यो गजल सङ्ग्रह शेखरको नेपाली भाषाको दोस्रो कृति हो । वस्तुतः यस गजलसङ्ग्रहअन्तर्गतका गजलहरूको अवलोकनबाट के स्पष्ट हुन्छ भने यिनमा जीवन र जगत्को अनुभूतिको

व्यापकता छ । गजलकार शेखरले आफूले देखेका, भोगेका, सुनेका तथा अनुभूति र कल्पना गरेका अनेक मनोभावहरूलाई कथ्यका रूपमा चयन गरेर गजलका सेरहरूमा प्रतिविम्बन गरेका छन् । सुरूसुरूमा गजलको शास्त्रीय सिद्धान्तको ज्ञानबाटभन्दा पनि परम्परित सिर्जनाको प्रभावबाट यिनको गजलयात्रा गतिशील रहेको देखिन्छ । पछि बिस्तारै सैद्धान्तिक ज्ञानको बाटोबाट यात्रालाई अगाडि बढाउने क्रममा गजलमा बहरको प्रयोग कुशलतापूर्वक गर्दै आएका छन् । प्रस्तुतिको शैलीगत दृष्टिले यिनका गजलमा मूलतः लयचेतनाले महत्व पाएको पाएको दृष्टिगत हुन्छ । वार्तमानिक नेपाली गजलको सिर्जनामा प्रमुखतः तीनवटा धार देखिन्छन् । पहिलो धारअन्तर्गत शास्त्रीय बहर वा पिङ्गल छन्दमा लेखिने गजलहरु पर्दछन् । यसरी नै दोस्रो धारअन्तर्गतका गजलमा उच्चार्य समअक्षरी लयका बहरको प्रयोग भएको पाइन्छ । यिनमा उच्चारणका आधारमा अक्षरहरूको गणना गरिन्छ र प्रत्येक सेरका मिसराहरूमा अक्षरको एकरूपता हुन्छ, तर वर्ण वा मात्राको प्रभाव भने हुँदैन । यस्ता बहर प्रचलित नेपाली लोकलय तथा गजलकारद्वारा निर्मित नवीन लयमा आधारित हुन्छन् । यस प्रकारका बहरलाई स्वनिर्मित बहर भन्ने गरिएको छ । वास्तवमा लययुक्त उच्चार्य अक्षरको एकरूपता आफैमा एक प्रकारको छन्द हो । संस्कृतमा पनि यदक्षरः परिणामः तच्छन्दः भनेर अक्षरको परिमाणलाई छन्दका रूपमा स्वीकार गरिएको छ । नेपाली गजलको पुनर्जागरणकालमा प्रथमतः ललिजन रावल, मनु ब्राजाकी प्रभृत्तिले उच्चार्य अक्षरको एकरूपतालाई आधार बनाएर गजल लेख्न थालेपछि अधिसङ्ख्यक पछिल्लो पुस्ताले पनि यही परम्परालाई निरन्तरता दिंदै आएको छ । तेस्रो धारअन्तर्गतका गजलमा शास्त्रीय बहर वा छन्दको मात्र होइन, उच्चार्य समअक्षरी लयका बहरको प्रयोग पनि गरेको पाइँदैन । काफियाको प्रयोगमा भने यस धारका गजल स्रष्टाहरु सचेत

देखिन्छन् । यस कृतिका गजलहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने शेखर पहिलो र दोस्रो दुवै धारको अनुसरण गरेर लेख्ने गजलकार हुन् । यस कृतिअन्तर्गतका अधिकांश गजलहरूमा औच्चारिक अक्षरको एकरूपता भएका लयको तानलाई अवलम्बन गरिएको छ भने केही गजल अरूजशास्त्रद्वारा निर्दिष्ट शास्त्रीय बहरका परिसीमामा रहेर लेखिएका छन् ।

यस कृतिअन्तर्गतका औच्चारिक अक्षरको एकरूपता भएका र लयको तानलाई अवलम्बन गरेर लेखिएका केही गजलका उदाहरण द्रष्टव्य छन्–

चार चार अक्षरमा यति हुने १६ अक्षरको लयविधानमा–

*समयको बोली सुन इसाराको भए पनि*
*उमेरले मात्रै हुन्न जति पाको भए पनि*

*जतातत्तै सुन्छु म त रावणकै नाम यहाँ*
*अयोध्या छ खालीखाली देखिँदैन राम यहाँ*

–

पाँच पाँच र छ अक्षरमा यति हुने १६ अक्षरको मुनामदनको लयविधानमा–

*स्वदेशी लयमा हृदयले लेख्ने रहरको खाँचो छ*
*गजलका लागि को भन्छ उर्दू बहरको खाँचो छ*

–

चार चार र दुई अक्षरमा यति हुने १४ अक्षरको लयविधानमा–

*चोट दिने निठुरीको याद सताउँछ*
*अचानो हुँ खुकुरीको याद सताउँछ*

*यो संसारैबाट डेरा सारिदिएँ भने*
*के गर्छौ नि साँच्चै माया मारिदिएँ भने*

चार चार पाँच अक्षरमा यति हुने १३ अक्षरको लयविधानमा–

*अधरको प्यास बुझाऊ गिलास खाली छ*
*नजरको जाम पिलाऊ गिलास खाली*

*मूर्तिलाई नमन पछि गर्दै गरौँला*
*धर्मकथा श्रवण पछि गर्दै गरौँला*

–

चार चार अक्षरमा यति हुने १२ अक्षरको लयविधानमा–

*स्वयम्भूका चिसा आँखा देखिरा'छु*
*मसँग नसोध हर्ष कस्तो हुन्छ*

*खुसी फाल्नुपर्छ गजल लेख्नलाई*
*पीडा पाल्नुपर्छ गजल लेख्नलाई*

–

चार चार र तीन अक्षरमा यति हुने ११ अक्षरको लयविधानमा–

*कुल्चिएको चाहना छ र म छु*
*तड्पिएको तिर्सना छ र म छु*

–

पाँच पाँच अक्षरमा यति हुने १० अक्षरको लयविधानमा–

*कर्कलाको शीत हो यो जिन्दगी*
*घात गर्ने प्रीत हो यो जिन्दगी*

*हो विक्रीमा छन् यार विक्रीमा छन्*
*मुटु, मन, रहर, प्यार विक्रीमा छन्*

–

यस कृतिअन्तर्गतका शास्त्रीय बहरका नियमलाई अवलम्बन

गरेर लेखिएका केही गजलका  उदाहरण पनि हेरौँ -

क) सूत्र-फऊलुन् ×४ -ISS×४)

*म तिर्खा युगौँको तिमी मेरी पानी*
*तिमीसंग भेटैँ म छु भाग्यमानी*

*म गर्छु कुरा सत्यको आचरणको*
*तिमीलाई बानी पऱ्यो आवरणको*

–

ख) सूत्र- फऊलुन् × ३ (ISS×३)

*मधेसी, पहाडी, हिमाली*
*बढौँ एकता दीप बाली*

–

ग) सूत्र - मफाइलातुन् ×४ (ISISS×४)

*अतीतका त्यो मधुर कहानी तिमीले बिर्स्यौ मलाई थाहा छ*
*सँगै सहेको त्यो घाम पानी तिमीले बिर्स्यौ मलाई थाहा छ*

–

घ) सूत्र - मफाइलातुन् ×३ (ISISS×३)

*पवन छ आँचल, नदी छ पायल, चुरा छ झरना*
*समस्त सृष्टि मलाई लाग्छ सिँगार तिम्रो*

–

ङ) सूत्र - मफाइलातुन् ×२ (ISISS×२)

*खुसीहरूले हँसाउँदै छन्*
*व्यथाहरूले रूवाउँदै छन्*

–

च) सूत्र- मुस्तफ्फैलुन् ×३ मुस्तफ्फे (SS+SS×३, SS+S)

*विश्वशान्तिको मन्त्र सुपावन बुद्धम् शरणम् गच्छामि*
*नित्य निरन्तर जप्दछ यो मन बुद्धम् शरणम् गच्छामि*

–

*छ) सूत्र-मफ्ऊलु ˙ फाइलातुन्×२ (SSI+SISS×२)*
*खै के भेटाएको छु तिम्रा नयनहरूमा*
*आफै हराएको छु तिम्रा नयनहरूमा*

–

यस सङ्ग्रहअन्तर्गतका गजलहरूको अध्ययनका आधारमा शेखरको गजलकारिताका विविध प्रवृत्ति देखिन्छन् । मायाप्रेमका आकर्षण, विकर्षण, मिलन र वियोग तथा धोका पाएको प्रसङ्ग, वैयक्तिक जीवनका आशा, निराशा, असन्तुष्टि, सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रका विकृति, विसङ्गति, मानवीय चरित्रका अनेकानेक रूप, सामाजिक जीवनमा देखिने आर्थिक विषमता, राष्ट्रप्रेम, देशको बिग्रँदो अवस्थाप्रति चिन्ता, नेताहरूको स्वार्थी प्रवृत्ति, सरकारको निरीहता, युवाहरूको वैदेशिक रोजगारीमा पलायनता, जीवनपद्धतिका विडम्बना र विरोधाभास, सुरा र सुन्दरीप्रतिको आकर्षण, प्रकृतिको चित्रणलगायतका कथ्य यस कृतिअन्तर्गतका गजलमा भेटिन्छन् ।

वस्तुतः शेखरको गजललेखन चेतनप्रवाह शैलीबाट प्रभावित देखिन्छ । मनमा लागेका र अनुभव वा अनुभूति गरेका कुराहरूलाई नलुकाईकन लेखेका छन् यिनले । शेखरका यी गजलमा तखल्लुसको निकै राम्रोसँग प्रयोग भएको छ । यिनले धेरैजसो गजलका मकतामा अस्तित्व र केहीमा शेखर शब्दलाई तखल्लुस बनाएको पाइन्छ । गजलमा स्रष्टाले स्वैरकल्पनाका भन्दा पनि आफैले भोगेका, देखेका र अनुभूति गरेका भावहरूलाई नै अभिव्यक्ति कौशलका माध्यमबाट चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्न सक्नुपर्दछ भनिन्छ । शेखरका गजल यस्तै विशेषताले

युक्त छन् । यिनले शास्त्रीय बहरबद्ध गजलहरूमा लचकता (मात्रागिरावट, मिलावट र चढावट)को उपयोग सहज, स्वीकार्य र सुन्दर ढङ्गले गरेका छन् । वस्तुतः एउटा हिन्दीभाषी भारतीय नागरिकले नेपाली गजलमा पुऱ्याएको योगदान प्रशंसनीय छ । नेपाली भाषा र साहित्यप्रतिको शेखरको मोह अझ प्रगाढ हुँदै जाओस् । यस अवसरमा म प्रिय गजलकार शेखर अस्तित्वलाई हृदयतः बधाई ज्ञापन गर्दछु । यिनको गजलयात्रा यसरी नै अविराम गतिले निरन्तर अगाडि बढिरहोस्, धेरैधेरै शुभकामना पनि छ । अन्तमा यस कृतिको सफल र सुन्दर प्रकाशन एवम् पाठकहरूमाझ लोकप्रियताको तथा गजलकार शेखरको साहित्यिक जीवनको सार्थकता र उत्तरोत्तर प्रगतिको कामनासहित यस लेखनलाई यहीँ विराम दिन्छु र बिदा हुन्छु ।

२०७५ वैसाख २५

# १

अनगिन्ती छन् स्वप्न लुकेका यी आँखाको नानीमा
सधैँभरि रातभरि थोपा–थोपा गर्छु जम्मा सिरानीमा

सत्ता, कुर्सी, प्लेन, पजेरो, तिम्रो भाग्य नै बलियो छ
मेरो जीवन अल्झेको छ, नून, तेल, खुर्सानीमा

समताको साम्राज्य हुनेछ भोलि यो पक्कै छ तर
आजैदेखि लगाउनुपर्छ आफ्नो रगत लगानीमा

वर्षभरिको दानापानी, घरखर्च, साहूको ऋण
असौँ खेत सँगसँगै डुब्यो मर्चवारको पानीमा

झुटको खेती गर्नेहरूको जतातत्तै बाहुल्य भयो
सत्य बाँकी छ शब्दकोशमा अथवा कथा–कहानीमा

शान्तिको 'अस्तित्व'प्रति अब कसरी ढुक्क हुने साथी
यहाँ निर्दोष परेवाहरु छन् गोमनको निगरानीमा !

# २

के रैछ कुन्नि, मेरो मुटुसँग करार तिम्रो !
किन यो मनले गरिरहन्छ विचार तिम्रो ?

अरू कसैलाई देख्न यिनले रूचाउँदैनन्
नयनहरूको छ प्यास यौटै, मुहार तिम्रो

यो रातो टीका, त्यो जून–ताराको छैन खाँचो
अधरले चुम्दै सजाइदिउँला निधार तिम्रो

वसन्तमा नि फुलेका छैनन् किन सुमन यी ?
छ बाटो पर्खी बसेको पक्कै बहार तिम्रो

न तर्ने मन छ  न डुब्ने डर छ त केको चिन्ता ?
म लिन्छु भुमरी र लेखिदिन्छु किनार तिम्रो

मलाई था'छ कि मेरो 'अस्तित्व' हौ तिमी नै
सबैले भन्छन्– मेरो गजलमा छ सार तिम्रो

पवन छ आँचल, नदी छ पायल, चुरा छ झरना
समस्त सृष्टि मलाई लाग्छ– शृंगार तिम्रो !

# ३

संसदमा प्रस्ताव राख्न बाँकी छ
पर्ख ! रोटी अझै पाक्न बाँकी छ

महलभित्र नै सूर्य निदायो कि कुन्नि !
झुपडीहरूमा घाम लाग्न बाँकी छ

'फाइल'मा हाकिमको 'साइन' भा'छैन
तरकारीको नून चाख्न बाँकी छ

बाटोको सिउँदो भर्नु छ यसपालि
हिँड ! लक्ष्यको हात माग्न बाँकी छ ।

# ४

समयको बोली सुन इशाराकै भए पनि
उमेरले मात्रै हुन्न जति पाको भए पनि

विचारकै बिरूवामा सिर्जनाका फूल फुल्छन्,
बीउ छरिराख्नुपर्छ कल्पनाकै भए पनि

बगरझैँ बसीबसी, नदीतिर हेर्नुभन्दा
एउटा घर बनाऊँ कि बालुवाकै भए पनि !

ढोग्नै छोडेंसि मलाई फकाउँदा बल्ल बुझेँ
भाग्य लेख्ने म नै रैछु देउताकै भए पनि

निधारको क्षितिजमा पसिनाको सूर्य डुब्दा,
दियो बालिराख्नु 'शेखर', आस्थाकै भए पनि ।

# ५

म तिर्खा युगौँको, तिमी मेरो पानी
तिमीसङ्ग भेटेँ, म छु भाग्यमानी

ती निश्चल नयनमा, त्यो कोमल हृदयमा
सुकेको छ मेरो रहरको बिहानी

मेरो ओखती भा'छ तस्बीर तिम्रो
हिजोसम्म रोगी थियो जिन्दगानी

अरु के भनौँ बस्, यति मात्र था'छ
तिमीले छाडेमा हुनेछु खरानी ।

घुलेको छ 'अस्तित्व' मेरो तिमीमा,
भएको छ जीवन यो तिम्रै निसानी

# ६

अब कस्सिएर लाग्नै पर्छ
आफ्नो अधिकार माग्नै पर्छ

भोलि दिन निस्किँदै सुतौंला बरू
अहिले रात्रि छ जाग्नै पर्छ

लास ठानेर लुछ्न आका छन्
उठ ! यी गिद्ध भाग्नै पर्छ

यसरी खुम्चेर कति बस्ने हो
आज सिमाना नाघ्नै पर्छ

कालो भित्ताको काई खुर्केर
घामका झिल्का टाँग्नै पर्छ ।

# ७

अतीतको त्यो मधुर कहानी, तिमीले बिर्स्यौ मलाई था'छ
सँगै सहेको त्यो घामपानी, तिमीले बिर्स्यौ मलाई था'छ

मिलनको त्यो पहिलो रातबारे, नपत्याए चन्द्रलाई सोध
कुरैकुरामा, भा'थ्यो बिहानी, तिमीले बिर्स्यौ मलाई था'छ

त्यो लाजले शिर झुकाई बस्ने, त्यो मनको इच्छा लुकाई बस्ने
त्यो पाउले भुइँ कोट्याउने बानी, तिमीले बिर्स्यौ मलाई था'छ

हजुरको मनले के भन्छ सुन्छु भनी भुसुक्कै निदाइहाल्थ्यौ
मेरो यो छातीको त्यो सिरानी, तिमीले बिर्स्यौ मलाई था'छ

हृदयले देखेको स्वप्नलाई को भुल्न सक्छ यत्ति सजिलै ?
अवश्य सम्झेर जानीजानी, तिमीले बिर्स्यौ मलाई था'छ

बिदाको बेला झरेका आँसु, त्यो मौन कम्पित, अधरको निम्तो
त्यो वाचा–बन्धन मजाक ठानी, तिमीले बिर्स्यौ मलाई था'छ

त्यो तिम्रो प्रेमी, त्यो तिम्रो रोगी, त्यो तिम्रो जिद्दी, त्यो तिम्रो पागल,
त्यो तिम्रो 'शेखर' भयो खरानी, तिमीले बिर्स्यौ मलाई था'छ ।

## ८

बाटो बिराई आशाको भरमा तिम्रो शहरमा
टोलाउँदै छु घायल प्रहरमा तिम्रो शहरमा

चिन्दैन हावा, सुन्दैन मौसम, बोल्दैन माटो,
बिझ्दैछु सायद सबकै नजरमा तिम्रो शहरमा

विश्वासलाई शूली चढाई मारेको भेटेँ
घातीहरू छन् मायाको घरमा तिम्रो शहरमा

निर्दोष मेरो मनको सुमन यो कस्तो अभागी ?
झन् ओइलिएछ फुल्ने रहरमा तिम्रो शहरमा

माछाहरूको गर्दैन चर्चा अखबारले'नि
गोहीहरू छन् मात्रै खबरमा तिम्रो शहरमा ।

# ९

जताततै सुन्छु म त रावणकै नाम यहाँ
अयोध्या छ खाली–खाली देखिँदैन राम यहाँ

रूँदै बसेकी छिन् सीता बम्बईको कोठीभित्र
लव–कुश खातेसरी खोजिरा'छन् माम यहाँ

बारूदकै बादल छ आकाशको छातीभरि
धेरै वर्ष भयो साथी, लाग्या छैन घाम यहाँ

कारतुसको जत्ति पनि जीवनको मोल छैन
पानीभन्दा सस्तो भयो रगतको दाम यहाँ !

## १०

अँध्यारोलाई घेर्नुपर्छ
सिङ्गो बहिखाता केर्नुपर्छ

फ्रेम बदलेर फाइदा छैन
अब यो तस्बिर फेर्नुपर्छ

ऱ्याल काढ्दैछ बसाहा फेरि
अहिल्यै यो बारी बेर्नुपर्छ

चल्छ हैकम यहाँ बुख्याचाको
ज्यूँदो मान्छेले टेर्नुपर्छ

धर्तीमै स्वर्ग हेर्नु छ भने
हातका ठेला हेर्नुपर्छ ।

# ११

सुन्दै लगातार रून्चे स्वर हजुरको
कुल्च्यो कि मेरो पाउले पुच्छर हजुरको

गर्नेछ सत्य–झुटको भावीले फैसला
आखिर समय त छैन नि नोकर हजुरको

ऐना छु, चाहेजस्तो मुखौटो लगाए'नि
भैदिन्छु - जन्मकुण्डली भर्खर हजुरको

'अस्तित्व'माथि ढुङ्गा हान्ने शोख छ धेरै ?
नभुल्नुहोला– काँचको छ घर हजुरको ।

# १२

समय अझै बित्या छैन, सम्झाउँदै छु साथी भनी
समानता हुनै पर्छ, केको गरिब केको धनी ?

सूर्यमाथि तिम्रै ठेक्का चल्दै आएको होला तर
मेरो भागको घाम अब पाउनुपर्छ मैले पनि

बास अनि कपासको कुरा धेरै टाढाको हो
रातभरि गाँस मात्रै आइरन्छ स्वप्न बनी

अब जे त होला-होला, कि यता कि उता हुन्छ
तिमीसँग गोली छ त हामीसँग छाती छ नि !

हावालाई मुट्ठीभित्र कैद कसले गर्न सक्छ,
किन मात्छौ आफ्नै हातले आफ्नै लागि खाल्डो खनी ?

धर्तीलाई बिछाएर आकाश म ओढ्ने गर्छु
'अस्तित्व'को रात कट्छ, ताराहरू गनी-गनी ।

## १३

अब छोड त्यो आकाश र पातालको कुरा
आऊ मिलेर आज गरौँ, हालको कुरा

दुनियाँको कुरा भोलि–पर्सि गर्दै गरौँला
सबभन्दा पहिले गर्नु छ नेपालको कुरा

चिसो सलाईजस्तो आज देश भैसक्यो
काँटीहरूले बिर्से बल्ने खालको कुरा

कुल्चेर फूल काँडा भनी गर्छौ प्रमाणित
कसले पत्याउला र हावातालको कुरा ?

आँगनको झारपात उडाउँछ एक दिन
हुरीले कहाँ सुन्छ र पर्खालको कुरा ?

मन्जिल छ मेरो पाउमा, मुट्ठीमा प्राण छ
मसँग के गर्छौ, त्यो जाबो कालका कुरा !

# १४

कालो सुरज ल्याउने यो वर्ष कस्तो ?
यो अशान्तिको चरम उत्कर्ष कस्तो ?

कोदालोको साटो बन्दुक बोकिरा'छन्
रोजिरा'छन् हातहरु आदर्श कस्तो ?

भेटैपिच्छे घाउमाथि नून थप्ने
त्यो कलिलो फूलको स्पर्श कस्तो ?

स्यम्भूका चिसा आँखा देखिराछु
मसँग नसोध– हुन्छ हर्ष कस्तो ?

मनले मर्न खोज्छ, आशा बाँचौं भन्छ
जारी छ 'अस्तित्व'मा सङ्घर्ष कस्तो ?

# १५

हेर्दै छु म यो माटोसँग कसलाई कति प्यार छ ?
बागभरि आगो लाग्या'छ, भन्छौ तिमी बहार छ !

फूलहरूको देहभरि नै नङ्ग्राहरूका घाउ छन्
पातहरूका पहेँला गालामा आँसुको धार छ

चराहरू मुग्लान पसे रे ! चिर्बिर चिट्ठी केही छैन
यहाँ बचेराहरूको रोदन, सुस्केरा, चित्कार छ

मालीलाई छैन वास्ता, रेखदेख सब नाटक छ
मुखमा राम बगलीमा छुरी, यो नाटकको सार छ

गिद्धहरूको बास भैसक्यो पुतलीहरूको ठाउँमा
छैन बास्ना हावामा अब बारूदको अधिकार छ !

# १६

दुःखी, निराश जिन्दगी
टुटेको आश जिन्दगी

जे गर्दा'नि नमेटिने
छ कस्तो प्यास जिन्दगी ?

छुटेका छन् सबैजना
भयो प्रवास जिन्दगी

म बोकिरा'छु काँधमा
यो ज्यूँदो लास जिन्दगी

न गाँस छ, न बास छ
न छ कपास जिन्दगी

मलाई जन्मदेखि छ
तेरो तलास जिन्दगी

ल साँच्चै भन् त मृत्युको
तँ हैन दास जिन्दगी ?

छ के र 'अस्तित्व' तेरो
के रैछ खास जिन्दगी ?

# १७

पीडाको आगोले छाती जल्दै छ
आशहरूको जीर्ण धरहरा ढल्दै छ

स्वप्नहरूले घाम देख्नै पाएनन्
आँखामा बर्खाको मौसम चल्दै छ

मेरो पऱ्यो स्वभाव, भरोसा गर्दै छु
उसको बानी पऱ्यो, अझै नि छल्दै छ

उफ्रिँदै छन् खुसीले भोका पेटहरू
भाषणको रूखमा आश्वासन फल्दै छ

बग्दै छ अविराम सासको यो खोला
तन किनारको माटोजस्तै गल्दै छ ।

# १८

खै ! के भनुँ, नसोध नानी, भोलि कुन्नि के होला
हुन्छ कि हुँदैन बिहानी, भोलि कुन्नि के होला !

विधवा हाँसो, टुहुरो इच्छा, चिसो आँखा, तातो स्वार्थ
सस्तो जीवन महङ्गो पानी, भोलि कुन्नि के होला !

सेतो रगत, पहेँलो जनता, कालो बन्दुक, रातो देश
धमिलो अक्षर, स्वप्न सिरानी, भोलि कुन्नि के होला !

बन्दुकले बस्तीहरूलाई, मुर्दाघाट बनाउँछ
रूकेन यदि यो क्रुर कहानी, भोलि कुन्नि के होला !

एकादेशमा बुद्ध नामका शान्तिदूत जन्मेका थिए
आज त्यहाँ एम्बुसको खानी, भोलि कुन्नि के होला !

अन्धाहरूको गाउँमा तैँले ऐनाको दुकान गरिस्
'शेखर' ! तेरो सुध्रिन्न बानी, भोलि कुन्नि के होला !

# १९

हावामा बारूद घुलेछ देश मेरो रक्ताम्यै छ
भन्नुस्, मैले कसरी भन्ने– सञ्चै छ, आरामै छ !

हत्या–हिंसा, युद्ध, अशान्ति, जतातातै बस्, बर्बादी
बुद्धको भूमि, शान्तिको धर्ती येनतेन सब नामै छ

उड्डुस, गिद्ध, धमिराहरूलाई हरेक कुरामा आजादी
जनता लाटो कठपुतलीझैँ अहिले पनि गुलामै छ

हिजो पनि चिसैथ्यो चुल्हो आज पनि उस्तै छ हाल
न त पेटमा माम छ साथी, न त हातमा कामै छ

मानवता, आदर्श, सत्यता, त्याग, प्रेम, नीति, ईमान
आजभोलि बेकार छ सबै, जे छ केवल दामै छ

चुप लागेर 'शेखर' यहाँ तेरो कुरा कसैले सुन्दैन
रावणहरूको बहुमत छ यहाँ, देशको मालिक रामै छ ।

# २०

स्वदेशी लयमा हृदयले लेख्ने रहरको खाँचो छ
गजलका लागि को भन्छ उर्दू बहरको खाँचो छ ?

मुना–मदनको लयालु भाका के भन्दा कम छ र ?
महाकवि झैँ हिमाल चुम्ने लहरको खाँचो छ

नेपाली भाषा शब्दहरूको समृद्ध सागर हो
जानेर पनि, नजान्नेलाई नहरको खाँचो छ

ती डाँडापाखा भिजाउँछन् आँखा बाआमासरि नै
हुर्केसि छोरा यो भन्दै हिँड्यो– शहरको खाँचो छ

यो सानो दुःखले अर्जेको मुलुक होइन नि साथी हो
'अस्तित्व'लाई जोगाउने जागृत प्रहरको खाँचो छ ।

# २१

तन्नेरीको काँधमाथि संसारको भार हुन्छ
तन्नेरीले चाहे मात्र प्रगति र सुधार हुन्छ

आजलाई डोऱ्याउँछन् तन्नेरीकै पाखुराले
तन्नेरीकै आँखाभित्र भविष्यको द्वार हुन्छ

युवा जोश, युवा शक्ति कस्तो हुन्छ नसोध यो
खुकुरीको धार हुन्छ, बिजुलीको तार हुन्छ

तन्नेरी नभए कसले सिमाना जोगाउने हो,
तन्नेरी नभए कहाँ खेतको स्याहार हुन्छ ?

युवा नै झुक्यो भने त देश कहाँ उठ्न सक्छ ?
युवा पिँढी भनेको त देशको निधार हुन्छ

'अस्तित्व'को आश हुन्छ, केही गर्ने प्यास हुन्छ
जीवनको सङ्घर्षमा विजयको सार हुन्छ ।

# २२

म गर्छु कुरा सत्यको, आचरणको
तिमीलाई बानी पऱ्यो आवरणको

सधैँ ख्याल–ठट्टामा तिम्ले उडायौ
मेरा लागि थ्यो प्रश्न जीवन-मरणको

समय भा'छ रावण, कति 'राम' जप्ने
कति हेर्ने यो दृश्य सीताहरणको ?

गजलभित्र मात्रै रह्यो देश बाँकी
सबैलाई चिन्ता छ पोषण-भरणको

कतै देखिँदैन त्यो प्रतिरोध–क्षमता
रहर देख्दछु मात्र शत्रु-शरणको

निदाएका छन् फेरि श्रोता यी 'शेखर'
भयो व्यर्थ तेरो गजल जागरणको ।

# २३

कुन्नि कहिले के होला, डर छ साथी
तिम्रै बस्तीमा मेरो घर छ साथी

मूर्ति पुज्ने हातहरूलाई के थाहा !
ढुङ्गा फोर्ने हातमा ईश्वर छ साथी

अरबको रेगिस्तानमा गोरू जोत्दै छन्
खेतसरि यो देश'नि बञ्जर छ साथी

कृष्णभीरले भन्छ, 'जम्मै उस्तै छन्'
ढुङ्गा माटो, कसको के भर छ साथी ?

भूपिको 'ऐश ट्रे'मा अब आगो छैन
ठुटाहरूको लामो लस्कर छ साथी

पानी बनेर हेर मलाई चिन्नेछौ
हिउँ र बाफमा धेरै अन्तर छ साथी !

# २४

थप्दिनँ घिउ कहिल्यै पनि आगोमाथि पानी हाल्छु
भुक्नेहरू टोक्ने छैनन्, मनै मनमा मानिहाल्छु

उत्तिखेरै ऐना देखाइदिन्छु निहुँ खोज्नेलाई
मपाईं हुँ भन्दाखेरि  हेर्दा हेर्दै छानी हाल्छु

घरमा बसी हैन बाटो हिँड्दाखेरि मरेपछि
अभागी त्यो लक्ष्य रैछ मैले ठ्याक्कै जानिहाल्छु

अभागी छु, दुःखमा छोडी जाने साथीहरूप्रति
जम्मैलाई थाहा रैछ– म त्यो एक्लै धानिहाल्छु

प्रिय खुट्टा तान्नेहरू राम्रोसँग समात है
आफैँसँग तिम्लाई पनि मैले माथि तानिहाल्छु

भ्यागुताले माछालाई पौडी खेल्न सिकाउने रे
आयो भने 'अस्तित्व'को गजलबाटै हानिहाल्छु ।

# २५

रगतको तालमा होली मनाएजस्तो छ
ताप्नका लागि सिङ्गै घर जलाएजस्तो छ

कालको तर्फबाट निम्तो आएछ क्यारे
अब कमिलाको पखेटा पलाएजस्तो छ

पापको कुण्डमा चुर्लुम्मै जो डुबेका छन्
हो, उनैको छवि गङ्गा नुहाएजस्तो छ

बुद्धको देश हो यो भन्दाखेरि शिर झुक्छ
नाम त छ तर शिक्षा हराएजस्तो छ !

# २६

कर्कलाको शीत हो यो जिन्दगी
घात गर्ने प्रीत हो यो जिन्दगी

दुई हिजो अस्ति र भोलि पर्सि दुई
चार दिनको मित हो यो जिन्दगी

रैछ मृगतृष्णा यो रेगिस्तानको
हो नमर्ने धित हो यो जिन्दगी

भन्थे मनलाई मिलनको आश हो
तर विरहको गीत हो यो जिन्दगी

छलको घरमा द्वार छ विश्वासको
कस्तो तेरो रीत हो यो जिन्दगी

छन् गजल 'अस्तित्व'का हर ओठमा
हेर ! मेरो जित हो यो जिन्दगी ।

# २७

हो बिक्रीमा छन् यार बिक्रीमा छन्
मुटु, मन, रहर, प्यार बिक्रीमा छन्

कठै ! बुद्ध जन्मेको यो देशमा
अचेल बम र तरबार बिक्रीमा छन्

के चाहिन्छ भन्नुस त ज्यूँदो कि मृत ?
मुर्कट्टा र अनुहार बिक्रीमा छन्

यहाँ किन्ने मान्छेको खाँचो छ बस्
यो इज्जत – सदाचार बिक्रीमा छन्

हरेक रङ्गका, रूपका, भाउका
ती पायलको झङ्कार बिक्रीमा छन्

युवा छन् त के भो र, खै रोजगार ?
यी मजदूर लाचार बिक्रीमा छन्

लग्यो साहूले लालपूर्जा हजुर
गरा, खेत, घरबार बिक्रीमा छन् ।

# २८

मेरो घाउमाथि नुन छर्नेलाई धन्यवाद
मित्रताको जिम्मा पूर्ण गर्नेलाई धन्यवाद

भावनाका टुसाहरू पैँतालाले कुल्चिएर
विश्वासको खेतीपाती चर्नेलाई धन्यवाद

काँधमाथि उक्लिएर ताराहरू टिपी–टिपी
स्वार्थरूपी रित्तो झोली भर्नेलाई धन्यवाद

शहीदको रगतमा पौडी खेल्ने गोहीहरू
आँसु झारी–झारी भन्छन्– मर्नेलाई धन्यवाद

रातभरि जाग्दै सधैँ लेख्ने रहर कसको हुन्छ ?
मेरा आँखाबाट निद्रा हर्नेलाई धन्यवाद

भन्दिनु है 'अस्तित्व'ले डुब्दाडुब्दै भनेको थ्यो,
मलाई छोडी गएबापत् तर्नेलाई धन्यवाद !

# २९

एकैछिन हाँस्दै, बोल्दैमा सधैँभरिको प्रीत नठान
दुनियाँले साथी भन्दैमा दुनियाँलाई मित नठान

भमरालाई सम्झी–सम्झी, रातभरि रोएजस्तो छ
फूलको गालामा ढल्केका आँसुलाई शीत नठान

बिझेपछि भित्रै टुटेका काँडालाई 'याद' भनिन्छ
चस्किदिँदा मनले पोखेको पीडालाई गीत नठान

जूनकिरीले चम्की–चम्की रातको शिरमाथि लेखेछ,
अस्ताएछ सूर्य भनेर अँध्यारोको जित नठान !

# ३०

चोट दिने निठुरीको याद सताउँछ
अचानो हुँ, खुकुरीको याद सताउँछ

किनारमा पुगेपछि मोह भङ्ग भयो
अब फेरि भुमरीको याद सताउँछ

वनबाट अयोध्यामा फर्केपछि कहाँ
रामलाई शबरीको याद सताउँछ

पूर्णिमाको जूनलाई बादलले छेक्दा
तिम्रो त्यही पछ्यौरीको याद सताउँछ ।

# ३१

मन हो कि आँखा कुन्नि, कताबाट पहल भयो ?
माया ! तिम्रो सम्झनामा परेली यो सजल भयो

दाँया–बाँया फेरेका ती कोल्टा भए उला–सानी
बिस्तराको सिलौटामा नलेखिँदै गजल भयो

बिहान हुँदा, दिन चढ्दा, साँझ पर्दा, रात ढल्दा
तिम्रो याद मेरो कहिल्यै नछुट्ने अम्मल भयो

मेरो चिसो जिन्दगीमा तिम्रो न्यानो आगमनले
जम्मै कठिनाइ हेर, एकै दिनमा सरल भयो

अन्तर्मनले तिम्लाई नै दिलको रानी मानेपछि
त्यत्तिकै म राजा भएँ, झुप्रो मेरो महल भयो

मेरी लाटी, मेरी काली, मेरी माया, जे भने'नि
मेरी भन्दाखेरि लाग्छ– 'अस्तित्व' यो सफल भयो ।

# ३२

तिमीलाई जून लेखेँ–फूल लेखेँ, शीत लेखेँ
चिट्ठी लेख्न बसेको त लेख्दालेख्दै गीत लेखेँ

मलाई नै थाहा छैन, कुन्नि कता ध्यान थियो
मुटु चिर्नेलाई पनि 'प्रिय ! मनमीत' लेखेँ

प्रेम पनि परीक्षा हो भन्ने कुरा सुनेपछि
आफूलाई 'हार' लेखेँ, तिमीलाई 'जित' लेखेँ

अस्तित्वको पीडालाई नियतिको उपहार
तिम्रो चोखो मायालाई दुनियाँको रीत लेखेँ

चुरोटको ठुटोजस्तै अन्तसम्म ताने पनि
जिन्दगानी अम्मलीको नमरेको धित लेखेँ ।

# ३३

गमलाको फूल हैन वनको काँडेघारी हुँ म
सौभाग्य हो मेरो न त वारि, न त पारि हुँ म

तिमीजस्तो हलुङ्गो म भा'को भए तरिहाल्थेँ
डुबेपछि थाहा पाएँ– तिमीभन्दा भारी हुँ म

बन्दुक बोकी जङ्गल छिर्ने घाती भाइमारा हैन
कलम बोकी विचार छर्ने क्रान्तिकै चिनारी हुँ म

कुर्सी पाई मख्ख पर्दै बिर्सेका छन् बाँदरहरू
लाटो जनता हैन, तिनका लागि त मदारी हुँ म

'अस्तित्व'का जरा खन्ने पात टिपी फर्केका छन्
आजको सिकारू हैन, उहिल्यैको सिकारी हुँ म ।

# ३४

प्रिया ! तिमी हाँसिदिँदा, फूल झरेजस्तो लाग्छ
हृदयको धर्तीमा स्वप्न छरेजस्तो लाग्छ

जबदेखि डुबेछु म त्यही तिम्रो आँखाभित्र
तबदेखि जिन्दगीको खोला तरेजस्तो लाग्छ

पक्कै पनि पँधेरीमा भेट हुने भयो अब
तिम्रो खाली गाग्री हेर्दा साइत परेजस्तो लाग्छ

डालीबाट फूल टिपी मन्दिरमा चढाएथेँ
पूजा गर्दा किन होला पाप गरेजस्तो लाग्छ

'अस्तित्व' का लागि सारा संसार छ घरजस्तै ।
देश छोडे पनि मात्र कोठा सरेजस्तो लाग्छ ।

# ३५

आफैँलाई आफ्नो सोचभन्दा तल झार्नुहुन्न
अस्तित्वको रक्षा गर्न आत्मालाई मार्नुहुन्न

बरू एउटै शेर किन नहोस्, हासिल हुनुपर्छ
गजल लेख्नुभन्दा अघि काफिया थुपार्नुहुन्न

काफिया दोहोरिँदा'नि भाव फरक भए पुग्छ
दोषी भन्दै स्वयंलाई अन्यौलमा पार्नुहुन्न

प्रायःजसो सबै भाषामा नै शब्द सीमित हुन्छन्
कहाँबाट शब्द ल्याऊँ भन्दै हिम्मत हार्नुहुन्न

अन्दाजे बयाँले आफैँ गहिराइको थाहा दिन्छ
संवेदना खार्नुपर्छ, शब्द मात्रै सार्नुहुन्न

आफ्नो कुरा अर्कासम्म राम्रोसँग पुग्नुपर्छ
शब्द लालित्य देखाउँदै धेरै सेखी झार्नुहुन्न

गजल मात्रै लेख्नुपर्छ भन्ने केही ठेक्का छ र ?
दुष्यन्त बनाउन मनको भूपिलाई मार्नुहुन्न

मुण्डे–मुण्डे मति भिन्न भन्ने कुरा सुन्या छैनौ ?
जसले जे भने'नि आँखा चिम्लेर स्वीकार्नुहुन्न

प्रिय गजलज्ञाताहरूसँग सानो प्रार्थना छ
भावी पिँढीलाई निजी स्वार्थले बिगार्नुहुन्न

सिक्नेलाई सिक्न दिनुस्, सिक्दासिक्दै सिकिहाल्छ
अस्तित्व जनाउनलाई मकतासम्म टार्नुहुन्न ।

# ३६

यो हृदयमा निवास गर्छौ कि ?
तृप्त यो मनको प्यास गर्छौ कि ?

तिम्रो खोजीमा छु युगौँदेखि
पूर्ण मेरो तलास गर्छौ कि ?

ढल्दा आँचल, मुहार देखिन्छ–
चन्द्रलाई उदास गर्छौ कि ?

भन त साँच्चै नढाँटीकन लाटी
तिम्ले नि मेरो आश गर्छौ कि ?

औषधि नदिए'नि दु:ख छैन
दर्द बुझ्ने प्रयास गर्छौ कि ?

घाम सुम्पेर न्यानो मायाको
मेरो 'अस्तित्व' खास गर्छौ कि ?

# ३७

म उहिल्यैदेखि तिम्रो प्रेमको सौगात चाहन्छु
नशालु तिम्रा ती आँखाको मीठो मात चाहन्छु

म लड्दाखेरि  बाटोमा कसैको छैन अब खाँचो
मलाई थाम्नका लागि म तिम्रै हात चाहन्छु

म मर्दा'नि नहाले है ! कोई तुलसीको जल मुखमा
म तिम्रा ती रूझेका केशको वर्षात चाहन्छु

म साँच्चै भन्छु सानु, लामो जीवनको रहर छैन
म तिम्रो काखमा बित्ने फगत एक रात चाहन्छु

म जन्मेदेखि अहिलेसम्म बाँचेजस्तो लागेन
म मेरो वास्तविक जीवनको अब सुरूवात चाहन्छु

मेरो 'अस्तित्व' हौ, मेरो गजलको प्राण हौ तिमी नै
मेरो हर शेरमा यस्तै म तिम्रो बात चाहन्छु ।

# ३८

पसिना र मेहनतले कमाएको गाँस दिन्छु
बस्छौ भने सधैँभरि यो मुटुमै बास दिन्छु

जुनीजुनी सँगै रहने झुटो वाचा गर्दिनँ म
बरू यै जुनीमा पाउने मेरा जम्मै सास दिन्छु

जिन्दगीमा सुख-दुःख घाम-छायाँ जे भए'नि
मौसम सँगै नफेरिने माया एकैनास दिन्छु

भौगोलिकताको दृष्टिले जति टाढा भए पनि
मुटुको ढुकढुकीझैँ सामीप्यको आभास दिन्छु

आकाशको टुट्ने झर्ने तारा दिनुको साटो म
'अस्तित्व'को कैल्यै पनि नटुट्ने विश्वास दिन्छु ।

## ३९

के भनी बोलाऊँ तिमीलाई गजल भन्दिऊँ कि ?
मेरो जीवनको अविस्मरणीय पल भन्दिऊँ कि ?

म कुरा गर्दिनँ अम्बरको नत्र जून भन्थेँ
भुइँको मान्छे हुँ म ताजमहल भन्दिऊँ कि

लाजले रातै भा'का गाला, झुकेका आँखा
यो रूपलाई म निर्दोष कमल भन्दिऊँ कि ?

के भनूँ तिम्रो बारेमा कसैले सोध्यो भने
मेरो किस्मतको पसिनाको फसल भन्दिऊँ कि ?

मन दुख्यो तिम्रो भने झन् मेरो दुःख बढ्नेछ
तिमीले सोध्यौ मेरो हाल 'कुशल' भन्दिऊँ कि ?

खाली हात आएथेँ, जाँदै छु तिम्रो याद लिई
आफ्नो 'अस्तित्व'लाई आज सफल भन्दिऊँ कि ?

# ४०

पहिले आँसु बनाउनलाई दु:ख-पीडा पगाले छु
फेरि जल्दै मुटुमाथि जम्मै आँसु उमाले छु !

तिम्रा वाचा-बन्धन सबै बाफ बनी उडेपछि
बँचेका ती यादहरु गजलमा नै सँगाले छु !

तिम्ले छोडी गएपछि संवेदनाशून्य भएँ
मनको घाउ, हृदयको रक्तले नै पखाले छु !

कुल्चिएका निर्दोष ती भाव-पुष्पहरूलाई,
शब्द कात्रो ओढाएर, शेरभित्र सम्हाले छु !

भोलि जाने भए आजै गए पनि चिन्ता छैन
शेखरसँग 'अस्तित्व'को गाँठो मैले फुकाले छु !

## ४१

खाने अनि देखाउने छुट्टाछुट्टै दारा किन ?
तैँले बोल्दा महावाणी, मैले बोल्दा नारा किन ?

तेरा काला जुत्ता सधैँ फूलहरू कुल्चिहिँड्ने
मेरा नाङ्गा खुट्टालाई काँडा र तगारा किन ?

नाम तेरै, दाम तेरै, जून तेरै, घाम तेरै
जमिन्दारी तेरो मात्रै, र हामी कमारा किन ?

पसिना म चुहाउने, रगत मैले बगाउने
अंश माग्दा 'महल' तेरो, मेरो लागि कारा किन ?

'अस्तित्व'को लडाइँमा सङ्कल्पकै जित हुन्छ
आँखाभरि स्वप्न बोक, व्यर्थ अश्रुधारा किन ?

# ४२

नजरको जाम पिलाऊ गिलास खाली छ
अधरको प्यास बुझ्फाऊ गिलास खाली छ

हृदयको गाउँमा सारै उदास छ मौसम
रहरको हात समाऊ गिलास खाली छ

मनाऊँ कसरी तिम्रो जिद्दी सम्झनालाई ?
आज धेरै नसताऊ गिलास खाली छ

शराब प्यूँदासम्म केही सञ्चो मानेथेँ
फेरि चर्किंदै छ घाउ गिलास खाली छ

विरहको साँझ, म एक्लो, झरी साउनको
आज बोत्तल नलुकाऊ गिलास खाली छ

मेरो ठेगाना, मेरो घर कसैले सोध्यो भने
यहीँ भट्टीमा पठाऊ गिलास खाली छ !

# ४३

कागजको डुङ्गा नदीमा नहाल्नुहोला
सकेसम्म दिमागका प्वालहरु टाल्नुहोला

पौडी खेल्ने विषयका ठेलीहरु पढेपछि
माछालाई सिकाउने घमण्ड नपाल्नुहोला

हात्तीज्यू ! कमिलासामु नाकको धाक किन ?
बरू सुँड जोगाएर पाइला उचाल्नुहोला

नपत्याउने खोलाले नै बगाएर लान्छ अरे !
गहिराइ बुझेपछि बल्ल हाम फाल्नुहोला

सगरमाथा चढ्नलाई भर्‍याङ बोकी दगुर्दै छौ
कहाँसम्म साथ दिन्छ, अनुभव सँगाल्नुहोला !

# ४४

खुसी फाल्नुपर्छ गजल लेख्नलाई
पीडा पाल्नुपर्छ गजल लेख्नलाई

स्वयं साधनारत भई त्याग गर्दै
रहर गाल्नुपर्छ गजल लेख्नलाई

नयनका दियामा सँगालेर आँसु
हृदय बाल्नुपर्छ गजल लेख्नलाई

गजल क्षेत्रमा राख्न अस्तित्व आफ्नो
जुटी हाल्नुपर्छ गजल लेख्नलाई ।

# ४५

तिम्रै कल्पनाको यो संसार प्यारो लाग्छ
तिमीसँग आँसीको विचार प्यारो लाग्छ

ससाना कुरामा तिम्रै खुकुरी चाहन्छु म
तिमी जितेपछि मेरो हार प्यारो लाग्छ

स्वर्गको नि चाह छैन तिमी आएपछि
आज मेरो झुपडीको द्वार प्यारो लाग्छ

यौटा, दुइटा हैन ताराहरू भन्छन्
जूनभन्दा तिम्रै अनुहार प्यारो छ ।

# ४६

प्रश्न व्यर्थ छ, नसोधी कहाँबाट यो वार भयो
दाजुभाइमा युद्ध चर्किंदा आमाको नै हार भयो

मानवता निर्वासित जीवन भोग्न बाध्य छ आज यहाँ
प्रेम शान्तिको घर-दैलोमा, हिंसाको अधिकार भयो

दुःख-पीर, सन्त्रास-तवाही यहाँ सबैको आँखामा
पत्रपत्रिका के पढ्नु र, हर चेहरा अखबार भयो

हृदय-आत्मा, माया-पिरती, वाचा-बन्धन, साँचो त्याग
हिजोआज संसारमा साथी ! यो सबै व्यापार भयो

हो ! मैले विश्वास गरेथेँ, धोका खाएँ ठिकै छ
तिमीले गर्दा दुनियाँ देखेँ, ममाथि उपकार भयो ।

# ४७

कुन्नि, अचेल कहाँ होलिन्, सानो हुँदा ताक्ने केटी
नजिक जाँदा लुकिहाल्ने, टाढाबाट डाक्ने केटी !

पढ्छु भन्दै घन्टौँसम्म एकोहोरो हेर्दै बस्ने
मेरो तस्बिर किताबको पानाभित्र राख्ने केटी

मैले बोक्ने रहर बोकी नक्कल पार्दै बसिराख्ने
छोटो बाटो हिँड्दा पनि जानीजानी थाक्ने केटी

स्कुलमा खाने बेला आफ्नो खाजा जबर्जस्ती
जम्मै मलाई खुवाउने, आफू केवल चाख्ने केटी

स्मृतिमा फुलेकी छिन्, 'अस्तित्व'मा घुलेकी छिन्
ईश्वरसँग जहिले पनि मलाई नै भाक्ने केटी !

## ४८

तिमीबाहेक अरूलाई स्वप्नमा नि भाक्ने छैन
तिमीलाई कुर्दाकुर्दै मर्न सक्छु, थाक्ने छैन

नशालु ती आँखाजस्तो मात्रै छैन मन्दिरमा
ती आँखामा डुब्न पाए मदिरा'नि चाख्ने छैन

तिम्रो नाम लिँदाखेरि पूजा गरेजस्तो लाग्छ
मनले निधो गरिसक्यो ईश्वरलाई डाक्ने छैन

पूर्णिमाको जून मेरो अँगालोमा हाँसी रा'छ
आज पक्कै भाग्यलाई निराशाले ढाँक्ने छैन

तिम्ले गर्दा मात्र मेरो अस्तित्व छ, पहिचान छ
तिमी नभए अस्तित्वले अस्तित्व नै राख्ने छैन ।

# ४९

आँखाभरि आँसु लिई खोजिरहन्छु म
कहाँ भेटूँ तिमीलाई, सोचिरहन्छु म

किन यति धेरै माया गर्छु तिमीलाई
आफैँसँग एकान्तमा सोधिरहन्छु म

किन यस्तो भाग्य मेरो जन्मिँदै अभागी
किन सधैँ दु:ख पीडा भोगिरहन्छु म ?

मेरो कोमल मुटुलाई ढुङ्गा भनेदेखि
मुटुभरि तिम्रै नाम खोपिरहन्छु म ।

## ५०

यो संसारबाटै डेरा सरिदिएँ भने
के गर्छौ नि साँच्चै भन, मरिदिएँ भने ?

कहाँसम्म, कैलेसम्म, उखेल्नेछ्यौ प्रिये,
मुटुभरि मैले माया छरिदिएँ भने ?

हिजोआज भेट हुँदा चिन्नै छाडेकी छौ
भोलि–पर्सि मैले आँखा तरिदिएँ भने ?

प्रेम दोहोरो नै हुनुपर्छ भन्ने, छ र ?
एकोहोरो मायामा म परिदिएँ भने ?

यथार्थमा 'अस्तित्व'ले पूर्ण गर्नै पर्छ
स्वप्नमा नि मैले वाचा गरिदिएँ भने ?

# ५१

शूलजस्तो भए पनि फूलजस्तै मानेको छु
मैले यौटा ढुङ्गालाई देउताझैँ ठानेको छु

ढुङ्गामा खोपेको नाम युगौँसम्म मेटिन्न रे
त्यसैले त दुनियाँ छोडी तिम्रै मुटु छानेको छु

आँसुको बाढीमा अब बगाउन नखोज प्रिया
तिम्रो भाषा अलिअलि मैले पनि जानेको छु

खुट्टा तान्नेहरूसँग रीसराग केही छैन
जम्मैलाई खुट्टाले नै माथितिर तानेको छु

लहरहरू मेरो नाम कण्ठै गर्न थालेका छन्
तालमा 'अस्तित्व' भनी सानो ढुङ्गा हानेको छु ।

# ५२

मनको पीर नबुझ्नेलााई के भन्ने ?
ढुङ्गालाई हृदय देखाई के भन्ने ?

आँखाको बोली खै कसले सुन्छ र
व्यर्थै आँसु भेल बगाई के भन्ने ?

यादहरु छन्, घाउहरु छन्, पीडा छ
जीवनभरिको के छ कमाइ के भन्ने ?

जम्मै दुश्मन तिनै पुराना साथी हुन्
आफ्नै छायाँलाई पराई के भन्ने ?

मधुर, सरस हे ! वासन्ती, सौन्दर्यप्रभा
भन तिमीलाई गजल, रूबाई के भन्ने ?

रातभरि त्यो जूनले गर्छ तिम्रै कुरा
कसरी ऊसँग नजर जुधाई के भन्ने ?

मरूभूमिको सिउँडी हो कि 'शेखर' हो
को हो कुन्नि ! थाहै नपाई के भन्ने ?

# ५३

कुल्चिएको चाहना छ र म छु
तड्पिएको तिर्सना छ र म छु

छैन बत्ती आज कोठामा हजुर
सल्किएको सम्भना छ र म छु

खाली बोतल, रित्तिएको जाम छ
गुम्सिएको भावना छ र म छु

हातमा सिगरेट, चारैतिर धुवाँ
अल्भिएको कल्पना छ र म छु ।

# ५४

मूर्तिलाई नमन पछि गर्दै गरौँला
धर्म कथा श्रवणपछि गर्दै गरौँला

हत्केलाका ठेला ताली बजाउँदै दिन्नन्
भगवान्को भजन पछि गर्दै गरौँला

बाआमाले वृद्धावस्था लौरो खोज्दै छन्
अहिले जान्छु, हवन पछि गर्दै गरौँला

आँखा हुँदासम्म स्वप्न हेर्न दिनुस् के
चाहनाको दमन पछि गर्दै गरौँला

बाँझो खेतले बोला'को छ हलो लिएर
तीर्थ यात्रा गमन पछि गर्दै गरौँला

छोराछोरीको स्कूलको फिस तिर्नु छ
प्रवचनको मनन पछि गर्दै गरौँला

आजभोलि टोलाएका आँखाहरू पढ्दै छु
शास्त्रको अध्ययन पछि गर्दै गरौँला !

# ५५

दुःखलाई चुम्बकले झैँ कल्ले तान्छ होला
मन भए पीडा कुन्नि कहाँ जान्छ होला ?

नुनिला यी आँसु पिउँदै तिर्खा मेटाएर
मिठो मान्दै चोट यहाँ कल्ले खान्छ होला ?

सधैँ घात गर्ने, घाउ दिनेहरूलाई
कल्ले आफ्नो अति प्रिय मित्र ठान्छ होला ?

गुरू-गुरू भन्ने धेरैजना पाएको छु
मनैदेखि कल्ले यहाँ गुरू मान्छ होला ?

अस्तित्व नहुँदा उसको ठाउँ भर्ने बेला
तीव्र वेदना भारी कल्ले धान्छ होला ?

# ५६

हिमालमा रमाउँदै गजल लेख्ने मन छ
चौँरीगाई डुलाउँदै गजल लेख्ने मन छ

बतासको मीठो बोलीसँग भाका हाल्दै
गुराँसलाई सुनाउँदै गजल लेख्ने मन छ

बादलसँग मसी मागी हिउँको कागजमा
प्रकृतिमा हराउँदै गजल लेख्ने मन छ

रङ्गीचङ्गी डाँफेसँग मनका रहरहरू
आकाशमा उडाउँदै गजल लेख्ने मन छ

थाकेपछि गुम्बाभित्र बुद्धको शरणमा
मनको भारी बिसाउँदै गजल लेख्ने मन छ

मर्ने छैन अस्तित्व यो अस्ताउने छ मात्रै
भोलि फेरि उदाउँदै गजल लेख्ने मन छ ।

# ५७

जसलाई सम्झी–सम्झी सधैँ गजल बनाउँछु
त्यै गजलको सम्झनामा यौटा गजल सुनाउँछु

कस्ती छे ऊ खै के भनूँ विद्यानष्ट ! शब्दै छैन
हेर्दा सत्य राम राम, आफैँ पनि हराउँछु

के गर्दै आजभोलि, नसोधेकै राम्रो होला
रातभरि जागी बस्ने तारालाई सघाउँछु

बचपनको साथी हो यो मानिहाल्छ कि भनेर
आशाको खेलौना दिई मनलाई फकाउँछु

विपनीमा नआए'नि सपनामा पक्कै आउँछे
जून, जाऊ सुत तिमी, म'नि अब निदाउँछु !

# ५८

कपिलवस्तु, शाक्यवंश लुम्बिनीको ध्यान छैन
किन विश्वशान्ति अग्रदूतको पहिचान छैन ?

जसले भन्छ– बुद्ध जन्मभूमि नेपाल हैन भने
म ठोकेर भन्छु उसलाई इतिहासको ज्ञान छैन

अर्कासँग राम्रो कुरा देख्यौ भने खोसिहाल्ने
यस्तो गर्ने मान्छे मेरो नजरमा इन्सान छैन

आगो बल्दा सुधा उठ्छ सत्य कहाँ खोजिन्छ र,
त्यस्तो रात्रि कुन छ, जसको भाग्यमा बिहान छैन ?

# ५९

तिमीलाई आफूभित्र लुकाउन पाए हुन्थ्यो
कि म आफैँ तिमीभित्र हराउन पाए हुन्थ्यो

एकोहोरो हेर्दै गरेका ती आँखा सोचिरा'छन्
जुनीजुनीको तिर्खा मेटाउन पाए हुन्थ्यो

मुटुभित्र ढुकढुकीझैँ मनभित्र छौ तिमी प्रिया
कुनै बेला एकान्तमा देखाउन पाए हुन्थ्यो

जाग्दै बसेको छु तिम्रै प्रतीक्षामा युगौँदेखि
तिम्रो न्यानो अँगालोमा निदाउन पाए हुन्थ्यो

भविष्यको थाहा छैन, भरै छैन जिन्दगीको
मनका सबै रहर आफैँ पुऱ्याउन पाए हुन्थ्यो

आफूलाई बिछ्याएर तिमीलाई ओढिरहने
जम्मै रातहरू यस्तै बिताउन पाए हुन्थ्यो

धेरैले नै चिनेका छन् अस्तित्वलाई संसारमा
तिम्रै आँखाभित्र बाटो बिराउन पाए हुन्थ्यो !

# ६०

आयो फेरि छुट्टिने क्षण, के गरूँ ?
मौन आँखाको निमन्त्रण, के गरूँ ?

दिइसकेँ यो मन प्रथम नै भेटमा
रित्तिएँ आफैँ समर्पण, के गरूँ ?

व्यर्थ छन् वाचा र बन्धनका कुरा
भोलिको भर छैन खै, प्रण के गरूँ ?

चाहियो बस् गाँस-बास-कपास नै
व्यर्थ आश्वासन र भाषण, के गरूँ ?

के गरूँ ँ निष्प्राण यो अस्तित्वको
यो विखण्डित आश-दर्पण, के गरूँ ?

# ६१

मनको कुरा भन्न सारै आत्तिएछ मन प्रिया
कति लामो हुँदो रैछ प्रतीक्षाको क्षण प्रिया

एक्लो हुँदा जिन्दगीमा सयौँचोटि हारेको छु
तिम्रो साथ पाए जितिहाल्छु म यो रण प्रिया

कर गरेर, बल गरेर होइन तिम्रै सहमतिले
आफ्नो बनाउनका लागि गरेको छु प्रण प्रिया

जन्मौंदेखि तिम्रै लागि यो मुटुमा साँचेको छु
भेटेपछि सुम्पिदिन्छु यो मायाको धन प्रिया

थाहा पाएँ म त केही हैन, तिम्रै छायाँ रैछु
यथार्थमा तिमी नै छौ अस्तित्वको तन प्रिया !

# ६२

जिन्दगानी पाएको छु चार दिनका लागि
मनमा ठाँउ छैन, रिस वैर छिनका लागि

हजुरलाई सत्य बोल्दा गाह्रो हुन्छ भने
मेरो जिब्रो लिनुहोला, एकै छिनका लागि

गरिबहरूलाई कुन्नि, कहिले न्याय मिल्छ ?
वर्षौं लागिहाल्छन् यहाँ छानबिनका लागि

अब आफ्नो भाग्यरेखा मैले आफैं कोर्छु
कहाँसम्म साहुको ढोका कुर्ने रिनका लागि ?

# ६३

दिन पाए'सि रात बिर्सनु हुँदैन
दियो बाल्ने हात बिर्सनु हुँदैन

मैले ढोगेपछि देउता बन्यौ तिमी
ढुङ्गाले औकात बिर्सनु हुँदैन

लक्ष्यमा पुगी मातेका हे खुट्टा हो !
यात्राको सुरूवात बिर्सनु हुँदैन

मान्छेलाई मान्छे गन्नै छाड्यौ रे
यसरी आफ्नो जात बिर्सनु हुँदैन

झरे पनि बिरूवाकै लागि मल बन्छन्
'शेखर' पहेला पात बिर्सनु हुँदैन !

## ६४

बाचुञ्जेल मालिक बनी टाउकोमा टेके हुन्छ
मरेपछि शालिक बनी बाटोलाई छेके हुन्छ

सुर तिम्रो, गाना तिम्रो, कलम र पाना तिम्रो
इतिहास लेख्दाखेरि  आफ्नै नाम लेखे हुन्छ

हामीहरु हुँदाहुँदै हजुर किन भोकै बस्ने
आफ्नो रोटी सेक्नलाई हाम्रो ढाड सेके हुन्छ

हजुरको प्रगतिमै हाम्रो पनि प्रगति हो
विकासको गति नाप्दा आफ्नै भुँडी देखे हुन्छ ।

# ६५

खै के भेटाएको छु तिम्रा नयनहरूमा
आफैँ हराएको छु तिम्रा नयनहरूमा

दुनियाँको सार देखेँ मुक्तिको द्वार देखेँ
सबथोक पाएको छु तिम्रा नयनहरूमा

मेरो हृदयले प्राय: दिनरात देख्न खोज्ने
सपना समाएको छु तिम्रा नयनहरूमा

शीतल सघन परेली देखेर मनको भारी
उहिल्यै बिसाएको छु तिम्रा नयनहरूमा

अस्तित्वको निरन्तर प्रतिविम्ब हेर्दै
पलपल रमाएको छु तिम्रा नयनहरूमा

# ६६

स्वयंमा यो संसारको सार देखेँ
र, संसारमा आफ्नो विस्तार देखेँ

घट्यो सयमा सय तैपनि सय छ बाँकी
अहो ! आज कस्तो चमत्कार देखेँ

गुरू-शिष्य देखेँ दुवै आफूभित्रै
हृदयभित्र नै मोसको द्वार देखेँ

सरल, शुद्ध, निर्मल, सहज बालमनमा
विधाताको सौन्दर्य शृङ्गार देखेँ

यहाँ धर्मको आडमा हेर्न जाँदा
निहित स्वार्थको मात्र व्यापार देखेँ

यो अस्तित्व को हो, तँ नै छस् म छैन
अहंका सबै घर निराधार देखेँ ।

# ६७

युगौँदेखि रूँदारूँदै आँखा पनि सुकेको छ
नारा लगाउँदा तिम्रो घाटी पनि दुखेको छ

तर सुन ! अँध्यारोमा भित्ता छाम्न नछोड है
यसै भित्तामा नै कतै ढोका पनि लुकेको छ

हस्तरेखाको यो खाई, ठेलाले नपुरी हुन्न
दृढ–संकल्प अगाडि सधैँ भाग्य झुकेको छ

अरु कति पर्खिने हो, हदै भयो, उठ, हिँड
हामीले नै गर्दा आज यात्रा पनि रूकेको छ ।

## ६८

आफैँ सोच, विष पनि दबाइमा
के चाहिन्छ, के छ तिम्रो रोजाइमा ?

चुल्हो आज पनि किन चिसै देख्छु
अब काँटी नै छैन सलाईमा

सत्यलाई तिमी झुठ भन्छौ भने
केही भन्नु छैन मैले सफाइमा

सूर्यलाई हत्केलाले छोप्न खोज्छौ
धमिरा लागेको होला सोचाइमा

नेपालकै सन्तति भै हामी दुवै
भेद किन पहाड र तराईमा ?

शक्ति जम्मा गरी राख्छन् पैँतालाले
यात्रा लुकेको छ मेरो थकाइमा ।

# ६९

आज गर्दैन जो कदर मेरो
भोलि चिन्नेछ ऊ हुनर मेरो

बिझ्न थालेँछु उसको आँखामा
जसको प्यासी छ यो नजर मेरो

शत्रुगृहमा चल्यो मेरै चर्चा
धेरै टाढा पुग्यो असर मेरो

चोट, पीडा, व्यथा छिमेकी हुन्
दुःखको गाउँमा छ घर मेरो

खेल्छु गुच्छा गजलको आँगनमा
गोजीमा छन् सबै बहर मेरो ।

# ७०

लिएर आज मेरो नाम बोलायो कसले ?
हृदयको तालमा तुफान उठायो कसले ?

यो मन थियो अहिलेसम्म रित्तो कोठाझैँ
सधैँका लागि यहाँ बास बनायो कसले ?

मेरो चिताको खरानी छ तिम्रो स्यूँदोमा
मैले देखेको सबै स्वप्न जलायो कसले ?

कसैले बिर्स्यो त के भो र गुनासो केको ?
सधैँभरि कसैको साथ निभायो कसले ?

# ७१

मेरो देहमा, मेरो प्राणमा, म रहनेछु, तिमी मात्र छौ
मेरो दर्दमा, मुस्कानमा, म रहनेछु, तिमी मात्र छौ

मेरो भित्र, मेरो वरिपरि, त्यो अदृश्य रहने पवनसरी
हो सधैँभरि मेरो ध्यानमा, म रहनेछु, तिमी मात्र छौ

मेरो हारमा, मेरो जितमा, मेरो बल्भिरहने अतीतमा
मेरो प्रीतको मधुगानमा म रहनेछु, तिमी मात्र छौ

मेरो भाग्यमा नभए पनि मेरो प्रेरणा र गजल बनी
मेरो कल्पनाको उडानमा म रहनेछु, तिमी मात्र छौ

संसारले भ्रममा परी, जसलाई 'शेखर' भन्दछ
त्यो हिँड्ने, डुल्ने चिहानमा म रहनेछु, तिमी मात्र छौ !

# ७२

गुम्छ कि सम्मान हिन्दू राष्ट्रको ?
मिट्छ कि पहिचान हिन्दू राष्ट्रको ?

दुख्न थाल्यो देश यो छातीभरि
हुन्छ कि राष्ट्र हिन्दू राष्ट्रको ?

आत्मघाती हो यो दुर्देवी कदम
भुल्न थाल्यौं भान हिन्दू राष्ट्रको

भइसक्यो नेतृत्वको व्याख्या विफल
राखे जनता ध्यान हिन्दू राष्ट्रको

धर्म हैन, संस्कृतिको प्रश्न हो
लौ गरौँ आह्वान हिन्दू राष्ट्रको

एकजुट भई सिद्ध गर्नै पर्छ अब
हामी हौँ सन्तान हिन्दू राष्ट्रको

हामी नै अस्तित्वको रक्षण गरी
गर्नेछौँ उत्थान हिन्दू राष्ट्रको !

## ७३

जून-तारासँग आँखा जुधाउँछु रातभर
मनको चितामा स्वप्न जलाउँछु रातभर

ऊ आउँछे, ऊ पक्कै पनि आउँछे भन्दै
तस्वीर म हावाको बनाउँछु रातभर

जुन दिन यो कसम खान्छु
कि सम्झन्न तिमीलाई
त्यही दिन नै तिम्रो नाम बोलाउँछु रातभर

भिताहरूसँगै म कुराकानी गर्दछु
एकान्तलाई गीत सुनाउँछु रातभर ।

# ७४

तिम्रो मुस्कानको फूल फुल्दा मधुवनलाई सम्झन्छु
देखेर त्यो तिम्रो सादापन म दर्पणलाई सम्झन्छु

दुनियाँको बिरानो मेलामा कहीँ बास नपा'को बेलामा
एकैछिन आँखा बन्द गरी तिम्रो मनलाई सम्झन्छु

त्यो लाजले निहुरेको चेहरा, त्यो मौन स्वीकृति आँखाको
तिमी भेट हुँदाको पहिलो दिन, पहिलो क्षणलाई सम्झन्छु

पिठ्यूँमा खन्जारको घाउ उपहार हो साथीभाइको
दुःख-पीर परेको बेलामा अब दुश्मनलाई सम्झन्छु ।

# ७५

खोसिँदै छ त्यो तिम्रो भागको आकाश पनि
छैन तिमीलाई अझैसम्म यो आभास पनि

नशामा उम्लिरहने रगत हिउँ बन्यो क्यारे !
यस्तो चिसो हुँदैन कहिल्यै लास पनि

भीख मागेर टाँसेजस्तो छ तिम्रो हाँसो
यहाँ त शोक–सभाजस्तो छ उल्लास पनि

यर्थाथसँग यदि खोस्ने आँट छैन भने
स्वप्नझैँ हुन्छ गाँस–बास–कपास पनि

मात्र खुट्टाले सगरमाथा चढ्न मिल्दैन
शिखरमा पुग्नलाई चाहिन्छ विश्वास पनि ।

# ७८

देखिँदैन कोई, धेरै जान्नेहरु कता गा'छन् ?
आफूलाई मात्र ठूलो ठान्नेहरु कता गा'छन् ?

मेरो कुरा छोड्नु, जहाँ पुग्नु थियो पुगिसकेँ
कुरा काट्नेहरु, खुट्टा तान्नेहरु कता गा'छन् ?

मेरो तर्फबाट चुले निम्तो छ है सबैलाई
सिसामहल बन्यो, ढुङ्गा हान्नेहरु कता गा'छन् ?

जताततै यौन शोषण उत्पीडन र हिंसा देख्छु
खै त, नारीलाई देवी मान्नेहरु कता गा'छन् ?

'अस्तित्व'मा पहिरो जाँदा कर्णालीको मुटु फुट्यो
पजेरोमा चढ्दै देश धान्नेहरु कता गा'छन् ?

## ७७

मधेसी, पहाडी, हिमाली
बढौँ एकता–दीप बाली

कहाँ छ र अन्तर कसैमा ?
रगत हो सबैको नेपाली

सयौँ फूल रैछन् फुलेका
मुलुकरूपी यौटै छ डाली

छ प्रगतिमा सहयोग सबको
कहाँ बज्छ एक हातले ताली ?

ध्वजा सूर्य–रजनीश अङ्कित
बढौँ राष्ट्र–हितमा उचाली

स्वअस्तित्व रक्षाको प्रण यो
हृदयभित्र राखौँ सँगाली ।

# ७८

दुनियाँसँग जब धोका खाएँ आखिरमा
आफूसँगै मीत लगाएँ आखिरमा

फेरि प्रतीक्षाकै बाटोमा साँझ पऱ्यो
यादहरूसँग रात बिताएँ आखिरमा

मनको ऐना फुट्दा हरेक टुक्राभित्र
त्यै ढुङ्गााको रूप सजाएँ आखिरमा

तिमीबिना जीवन औँसीको रात थियो
के गर्थें म, हृदय जलाएँ आखिरमा !

## ७९

कति हेर्दै मख्ख पर्छौ भ्भागिएका शब्दहरू ?
कहाँसम्म साथ दिन्छन् मागिएका शब्दहरू ?

शिरै छैन, ढाडै छैन, उभिनलाई हाडै छैन
लासजस्तै बाँचिराछन् बाँगिएका शब्दहरू

आधुनिकताको नाउँमा अर्थरूपी लुगा फाली
जताततै हिँडिरा'छन् नाँगिएका शब्दहरू

सुकरातभ्भैँ विष पिए'नि अस्तित्व गुमाउँदैनन्
येसुजस्तै शूलीमाथि टाँगिएका शब्दहरू !

# ८०

देखावटी भो अचेल माया, असल त कसले गरेको छ र ?
सबैले भन्छन्– म ज्यान दिन्छु, को कस्का लागि मरेको छ र ?

कसैका लागि कोही रूँदैन, यो मात्र भन्ने कुरा हो साथी
कसैको आँसु यहाँ कसैको परेलीबाट झरेको छ र ?

तिमीले मेरो व्यथा बुझिनौ, यो मनमा केही गुनासो छैन
जे भाग्यमा थ्यो त्यहीँ हुँदै छ, विधिले लेखेको टरेको छ र ?

त्यो मेरो बाटो कुरेर बस्ने नयनहरूले चिनेका छैनन्
भन त साँच्चै के आजभोलि अरु कोही मन परेको छ र ?

# ८१

धर्ती र आकाशभरि तिम्रै नाउँ लेखिदिऊँ कि ?
चारैतिर वरिपरि तिम्रै नाउँ लेखिदिऊँ कि ?

गुञ्जाइदिऊँ कि डाडाँपाखा पागलसरी चिच्याउँदै
हावामाथि खुस्बुसरी तिम्रै नाउँ लेखिदिऊँ कि

आजै आफ्नो गाजलको शृङ्गार गर्न मन ला'छ
शब्दैपिच्छे घरिघरि तिम्रै नाउँ लेखिदिऊँ कि ?

तिमीले हुन्छ भन्छौ भने यी अधरले ती अधरमा
कहिल्यै नमेटिने गरी तिम्रै नाउँ लेखिदिऊँ कि ?

साउन आउँदा यस्तो लाग्छ, जम्मै रूखका पातैभरि
बादलसँग माग्दै झरी तिम्रै नाउँ लेखिदिऊँ कि ?

तिमी मेरो अस्तित्व हौ तखल्लुसको खाँचो छैन
मक्ता हुन्छ अजम्बरी तिम्रै नाउँ लेखिदिऊँ कि ?

# ८२

छ मेरो जिन्दगी, छ मेरो ज्यान भट्टीमा
रैछ बोतलमा बन्द मेरो प्राण भट्टीमा

म मरेपछि मलाई घाटमा नलानू है !
बनाए हुन्छ बरू त्यहीँ चिहान भट्टीमा

घरको, संसारको, मनको, मुटुको, मायाको
हर समस्याको छ पक्कै निदान भट्टीमा

हुँदैन उँचनीच, भेदभाव, जात–धर्ममा
हेर्नू आएर सबै छन् समान भट्टीमा !

# ८३

दुःखबाहेक अरु केही सकिनँ मैले दिन आमा
मजस्तो बैगुनीलाई जन्म दियौ किन आमा ?

त्रैलोक्यको ऐश्वर्य नि दरिद्रकै जस्तो देख्छु
कहिल्यै तिर्न सक्दिनँ म वात्सल्यको रिन आमा !

जीवनभरि रूवाएर अहिले गजल लेखिरा'छु
साँच्चै भन्छु आफैँसँग लागिरा'छ घिन आमा !

मातातीर्थ औँसी आउँदा मातृभक्ति देखाउँदै छु
थुक्क ! म त ऐनासामु सक्दिनँ उभिन आमा !

अस्तित्वको अस्तित्व यो अस्तित्वमा राख्नलाई
छोरा भन्दै फर्किआउनु, फेरि एकै छिन आमा !

# ८४.

मीठो छ तिम्रो माया संसार अमिलो छ
तिम्रै अगाडि साँच्चै चाँद धमिलो छ

एकान्तमा साँझ खुकुरी, तिम्रो विरह अचानो
हो यसरी बाँच्नुभन्दा मर्नु नै सजिलो छ

मन भो छियाछिया यो तिमीले प्रहार गर्दा
भन्छौ अझै– कलिलो छैन, यो मन दरिलो छ

सागरको हैसियतको मसँग कुरा गर्छौ ?
मेरो हरेक आँसु त्यो भन्दा नुनिलो छ !

भट्टी मेरो ठेगाना, सुन्दा अचम्म लाग्छ
भन्छन् सधैँ सबैले– 'अस्तित्व' गतिलो छ ।

# ८५

समय खुकुरी भो, म अचानो भएको छु
म आफ्नै शहरमा बिरानो भएको छु

बुबा–आमासँगै गयो मेरो बचपन
हिजोआज घरको म छानो भएको छु

नयाँ छ जमाना, त्यो पुस्ता नयाँ छ
नचाहँदा नचाहँदै पुरानो भएको छु

हजुरको मपाईंत्वको लाज राख्न
हिमालय थिएँ, पग्लेर सानो भएको छु

गरेँ जसको न्वारान, उसकै नजरमा
म अस्तित्वबाट फलानो भएको छु ।

# ८६

तिमी नै मसँग रिसाएदेखि गजल'नि मसँग रिसाएको छ
मेरो हृदयले त्यो कल्पनाको अमूल्य निधि नै गुमाएको छ

रूँदै छ यो मन, रूँदै छन् आँखा, रूँदै छ कागज, कलम रूँदै छ
नकोरिएको हरेक अक्षरले मात्र तिमीलाई बोलाएको छ

मलाई नसोध, सोधे हुन्छ– मेरो भिजेको सिरानीलाई
उसैले भन्छ कि रातभरि नै को रूँदैरूँदै निदाएको छ ?

तिमीले छोड्यौ गुनासो छैन, म साँचो माया गरिरहन्छु
अझै नि तिम्रो, त्यो सम्झनाले, रहरको औँला समाएको छ !

## ८७

चर्किन्छ अझै नि किन छाती भन्दिनँ म
भन्दिनँ ल तिमीलाई घाती भन्दिनँ म !

सानैदेखि राम्रोसँग चिनेको छु मैले
आफूलाई धरोधर्म जाती भन्दिनँ म

पूजा गरेँ, ढोगेँ अरु बढी के गरौँ र ?
ईश्वलाई आमाभन्दा माथि भन्दिनँ म !

सामन्ती र घमण्डको त्यो चश्माले नहेर
जुलसु हो यो, कमिलाको ताँती भन्दिनँ म !

# ८८

तिमीलाई आँखाको नानी बनाएँ
यो जीवन विरहको कहानी बनाएँ

जलाएर आफ्नै मुटु सम्भनामा
सबै स्वप्नलाई खरानी बनाए

जो कहिल्यै पनि रित्तिने छैन यस्तो
यो मनलाई पीडाको खानी बनाए

रूँदै सूर्य लाखौँ उडाएँ नयनमा
हिजो रातलाई बिहानी बनाएँ ।

# ८९

न चिमोट्दा दुख्या'छ, न निमोठ्दा दुख्या'छ
तिमी जीवित हुनुमा शङ्का मलाई ला'छ

शिरमाथि रिनको भारी, घायल त्यो खेतबारी
किन हेर्दैनौ उघारी, आँखामा के पऱ्या'छ ?

गणतन्त्र आयो भन्दै दिनरात उफ्रिँदै छौ
शोषण अझै जारी छ, बदलाव केको भा'छ ?

छानो हरायो घरको, ढुङ्गा भयौ बगरको
न त पेटमा छ रोटी, न शरीरमा लुगा छ

साँच्चै भन त साथी, तिमी भोट मात्रै हौ कि !
नारा लगाउने जिब्रो कुन ठाउँमा खस्या'छ ?

# ९०

बहरको नाश गर्दैमा, गजल कसरी भनूँ साथी ?
सबैले वाह भन्दैमा, गजल कसरी भनूँ साथी ?

गजल हो भन्नका लागि गजलका तत्व चाहिन्छन्
कुनै ठूलाले रच्दैमा गजल कसरी भनूँ साथी ?

मलाई छैन यो मतलब कि कसको रैछ त्यो रचना
कसैको नाम चल्दैमा गजल कसरी भनूँ साथी ?

कहाँ लेख्या'छ यो भन्नुस् कि अग्रज गल्ती गर्दैनन्
सिंहासनमाथि बस्दैमा गजल कसरी भनूँ साथी ?

छ जसमा काफिया मात्रै, तुकबन्दी गजल हुन्न
म ताली मात्र बज्दैमा गजल कसरी भनूँ साथी ?

यहाँको व्यक्तिपूजाको चलन आत्माघाती हो
सबैको नाम जप्दैमा गजल कसरी भनूँ साथी ?

गजलको व्याकरण, जम्मै नियम छन् पूर्वनिर्धारित
जबरजस्ती झगड्दैमा गजल कसरी भनूँ साथी ?

कुनै जन्मान्धले यो घाम कालो छ भनेजस्तै
अहंको पाठ पढ्दैमा गजल कसरी भनूँ साथी ?

# ९१

श्वेत पानाभरि श्याम अनुहार छन्
यी अभागी समयका समाचार छन्

घोर निन्द्रामा छन् न्यूज च्यानलहरु
हेर, लाजै पचाएका अखबार छन्

आँखा चिम्लेर अन्याय सहनेहरु
खै, कसोरी भनूँ यी समझदार छन् ?

स्वार्थवश बाँचिरहने यी मुर्दाहरु
मेरो दृष्टिमा ज्यूँदा चमत्कार छन्

छैन आभास नै आफ्नो अस्तित्वको
भन्छ पृथ्वी– ममाथि यिनी भार छन् !

# १२

मित्र–शत्रु दुवैजना उस्तै–उस्तै लाग्छन्
प्रसंसा र आलोचना उस्तै–उस्तै लाग्छन्

मोक्ष प्राप्तिलाई गृह त्याग्नेहरू हेर्दा
विरक्ति अनि चाहना उस्तै–उस्तै लाग्छन्

जति भुल्न खोज्छु, उति यादले सताउँदा
विस्मृति अनि सम्झना उस्तै–उस्तै लाग्छन्

केको ज्ञानी मान्छे अनि कहाँको बुद्धिजीवी ?
'अस्तित्व' र पागलमना उस्तै–उस्तै लाग्छन् !

# १३

संघर्ष नभा'को कुनै पल हुँदैन
को हो, जसको आँखा नै सजल हुँदैन ?

दुःख पर्दा आत्महत्या गर्नेहरू हो !
मृत्यु कुनै समस्याको हल हुँदैन

'ईश्वर छ कि छैन' छोड, पाखुरा त छन्
मेहनत गर्ने मान्छे असफल हुँदैन

घरीघरी भाग्य भन्दै के टोलाउछौ ?
आत्मविश्वासझैँ अर्को बल हुँदैन

स्वाभिमान, जीवन्तताको प्रमाण हो
'अस्तित्व'को शिर हो यो, तल हुँदैन ।

# १४

मतलामा पहिले प्रेमिल कुरा आउँछ
त्यसपछि सिन्दुर, पोते, चुरा आउँछ

केही दिनको भेटघाट र मिलनपछि
कतैबाट घात गर्ने छुरा आउँछ

त्यसपछि केटीको जीवनमा भूकम्प
र, केटाको जिन्दगीमा सुरा आउँछ

यसैबीच एक–दुई वर्ष बितिहाल्छन्
अनि दुनियाँमा एक टुहुरा आउछ ।

# ९५

सगरमाथा छोडी गर्तलाई पो अँगालेकी छस्
ए ! नेपाली गजल, भन् त कता जान थालेकी छस् ?

भाव छैन, भार छैन, प्रस्तुतिमा धार छैन
पढ्दाखेरि सार छैन, शब्द नै सँगालेकी छस्

शृङ्गारको हल्ला मात्रै, सारै सस्ता शब्दहरू
किन बीच बजारमा तैँले लुगा फालेकी छस् ?

इबारतमा इशारत र अदाको त पत्तै छैन
संग्रह छापी मख्ख पर्ने, बानी नै बसालेकी छस्

अर्कालाई दोषी भन्दा आफ्नो कमी छोपिन्छ र ?
चेहरा धुनुपर्ने थियो ऐना नै फुटालेकी छस्

सोचेजस्तो काम छैन, लक्ष्य र आयाम छैन
उज्यालोको नाम छैन, कस्तो दियो बालेकी छस् ?

चिन्ता नगर, तेरो मनको पीडा मैले बुझिरा'छु
किन तैँले 'शेखर'लाई मायाले नियालेकी छस् ?

# ९६

सुध्रिन्छ कि सुध्रिन्न मेरो यो आनीबानी, मायाको हातमा छ
मेरो हरेक धड्कन, मेरो यो जिन्दगानी मायाको हातमा छ

मतला त लेखिहालेँ बाँकी गजलका लागि जप्दै छु नाम उसकै
फुर्ने हरेक मिसरा–उला होस् या सानी, मायाको हातमा छ

जन्मौँको प्यास बोकी भौतारिँदै छु एक्लै मायाको मरूस्थलमा
मर्छु कि बाँच्छु कुन्नि मीठो पानी मायाको हातमा छ

घाटा र नाफाबारे सोच्दै नसोची मनले थाप्या छ मुटुलाई
पिरती जुवा हो भन्छन् खै डुब्छ कि लगानी, मायाको हातमा छ ।

# १७

खुसीहरू हँसाउँदैनन्
व्यथाहरूले रूवाउँदैनन्

पऱ्यो खडेरी नयनहरूमा
अचेल आँखा रसाउँदैनन्

सुमनले रेटेको पहिलेदेखि
यी काँडाहरूले बिझाउँदैनन्

तिमीबिना यो मुटु छ बन्जर
रहरको बिरूवा पलाउँदैनन्

यो सोचेर मन बुझाउँदैछु
सबैले सबैथोक पाउँदैनन्

यो मेरो 'अस्तित्व' मिट्ने छैन
यी शब्द कहिल्यै हराउँदैनन् ।

# १८

लौ ! पूरै बाजी लगाई प्राणको
देशमा खाँचो छ नव-निर्माणको

शुद्ध दलगत स्वार्थ छोडी आफ्नै
ध्येय मनमा राख जनकल्याणको

प्रण गरौँ- सर्वे भवन्तु सुखिनः
छोड साथी, चाहना आमन्त्रणको

अब बुढ्यौलीमा द्रोणले माग्यो भने
लक्ष्य परिवर्तित गरौँ है बाणको

राष्ट्रको अस्तित्व संकटमा हुँदा
के गरौँ खै व्यक्तिगत निर्माणको ?

# ९९

डलर, युरो, डिनर चाहिन्न बाबु, तँ आइज न छोरा
म एक्लै छु, संसार चाहिन्नँ बाबु, तँ आइज न छोरा

बुवा बित्नुभयो तेरो, विधवा भई मृत्युशैयामा म छु
भयो व्यर्थ शृङ्गार चाहिन्न बाबु, तँ आइज न छोरा

नदी, भीर, पाखा मेरा सुन, आँखा सबै पर्खिरा'छन्
यो मन भन्छ– दोधार चाहिन्न बाबु, तँ आइज न छोरा

हिजै पल्लो डाँडाको कान्छाकहाँ ठूलो बाकस पठा'छन्
मलाई महल–कार चाहिन्न बाबु, तँ आइज न छोरा

तेरो आशमा प्राण अड्केको छ हेर्न मन लाछ धेरै
कुनै अर्को उपहार चाहिन्न बाबु, तँ आइज न छोरा

तँ छस् मेरो 'अस्तित्व', त्यै हातले तुलसी–जल खान पाऊँ
झुटो मोक्षको द्वार चाहिन्न बाबु, तँ आइज न छोरा !

# १००

दुःख उदासी छ, र त मै चुप्पै छु ।
आत्मा प्यासी छ, र त मै चुप्पै छु ।

उसले सोध्यो, के छ ताजा हालखबर ?
जम्मै बासी छ, र त मै चुप्पै छु ।

चारधामको यात्रामा सबै जाँदै छन्,
घरमै काशी छ, र त मै चुप्पै छु ।

दुनियाँ छ रङ्गीन त मैले के गर्ने ?
मन सन्यासी छ, र त मै चुप्पै छु ।

सुख, शान्ति, सद्भाव र शेखर चारैको,
एउटै राशि छ, र त मै चुप्पै छु ।

# १०१

विश्व शान्तिको मन्त्र सुपावन, बुद्धं शरणं गच्छामि
नित्य निरन्तर जप्दछ यो मन, बुद्धं शरणं गच्छामि

पञ्चशील, अष्टाङ्ग मार्गमा हिँडेपछि अनुभूति गरेँ
रैछ परम कल्याणको साधन, बुद्धं शरणं गच्छामि

घृणा, द्वेष, हत्या–हिंसाले मानवता अभिशप्त भयो
भन्दैछ हर हृदयको क्रन्दन, बुद्धं शरणं गच्छामि

सत्य, अहिंसा, त्याग–तपस्या, करूणा, मैत्री, प्रेम, क्षमा
सद्गुणहरूको अमिय वृष्टि घन, बुद्धं शरणं गच्छामि

बुद्ध धर्म मज्झिम निकाय हो, आप्प दीप भवः आधारित
कमल र जलवत सहज सन्तुलन, बुद्धं शरणं गच्छामि